Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १०, २०८० साल असोज ९ गते मंगलबार (Sep 26, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६
Email : janaakash.com.np@gmail.com

# शिक्षक आन्दोलित हुनुमा को को जिम्मेवार

**मोहन कार्की**



नेपालमा सरकारी स्कुल कलेजमा कार्यरत शिक्षकहरु २०८० साल असोज ४ गते देशभरीका शैक्षिक संस्थाहरु बन्द गरी आन्दोलन गर्न काठमाडौ राजधानी आईपुगे उनिहरुले १८ शुत्रिय माग राखेर आन्दोलन गरेका थिए । काठमाडौको माईतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म झण्डै शिक्षकहरुको भीडले ढाकेको देख्न सकिन्थ्यो ।

के यो आन्दोलन ठिक हो ? कि होइन ? अनेकथरी बहसहरु हल्लाहरु बजारका चोक चोकमा सुन्न सकिन्छ । सरसरती हेर्दा शिक्षकले यतिवेला उठाएका माग शिक्षकको पक्ष र विपक्षमा भईरहेका हल्ला बहस ति प्रधान समस्या होइनन् । यो विगतमा नेपालको शिक्षा नीतिमा भएको कमजोरीको कारण आजको समस्या हो भन्ने धैरै भुक्तभोगी शिक्षकहरुको नै राय छ भने अर्कोतर्फ राजनीतिक आन्दोलनमा लागेका राजनीतिक पार्टीहरु पनि यो कुरा स्वीकार्छन् । हेर्दा र व्यवहारमा पनि त्यस्तै देखिन्छ ।

नेपालको शिक्षा प्रणाली अर्थात शिक्षा नीतिमा कमजोरी भएका कारण शिक्षा लिएका मानिसहरुले गर्ने व्यवहारमा परिपकता नआएको हुनाले यस्ता समस्या देखिएका हुन् । त्यो भन्ने आधार नेपालका शिक्षा विद कहलिएकाहरुले पनि स्वीकारेकाछन् ।

नेपालमा निर्माण गरिएका पाठ्यपुस्तक, ति पठ्यपुस्तकमा समावेश सामग्रीलाई पठन पाठनमा सिकाइने तरिका एउटै शिक्षालाई दुई खालका बनाउने जस्तै सरकारी र नीति शिक्षा नीति ति शिक्षा लिएका मानिसहरुले नेपालमा नै अवसर प्राप्त नगर्ने र अवर प्राप्त गराउने दक्ष शिक्षित नयाँ पुस्ता तयार गर्न नसक्ने वातावरण यो ६०/७० बर्षको कालखण्डमा नसकेको र त्यस्तै असफल शिक्षा प्रणली व्यवहारिक शिक्षा लागु गर्न नसकेकै कारण शिक्षा क्षेत्रमा बेतिथिको चाङ लाग्दै गएको हो ।

त्यसैले जव नेपालमा कुनै विध्येक, प्रस्ताव आउन लाग्छ। त्यसको बनोट तरिका दिर्धकालीन असर-उपलब्धिको ख्याल र ब्याख्या सवै नागरिकहरुले बुझ्ने गरी प्रचार सरल भाषामा विज्ञहरुको सल्लाह लिएर गर्ने नगरिएको कारण शिक्षा क्षेत्र मात्र होइन अन्य क्षेत्रमा पनि यस्तै समस्या आउने गरेकाछन् । त्यसमध्य सवैभन्दा ठुलो संख्याको रुपमा रहेका शिक्षकहरुले यसको विरोध गर्नु स्वभाविक हो ।

नेपालमा कुनैपनि रोजगार सृर्जना गर्न नसकेको समयमा शिक्षक आन्दोन एउटा पऱ्याय हो । किनकी करारका शिक्षक, राहातका शिक्षक, बाल शिक्षक गरी स्थाई वाहेक तीन खालका शिक्षकहरु रहेकाछन् । जसमा राहात वाहेक जसको सरदार तलवभत्ता स्थाई शिक्षकको तुलनामा निक्कै कम छ । तर घर पाएक जागिर खाईरहेका र अर्को रोजगारको बिकल्प पनि नभएका शिक्षकहरुको लागि निक्कै आतेस लाग्दो नै छ । तर केही त्यस्ता शिक्षकहरु पनि छन् । करारमा वा राहातका शिक्षक तर राजनीतिक पार्टीको संगठनमा आबद्ध भएर राजनीतिक जोड घटाउसम्ममा लाग्ने र स्थानीय निर्वाचन प्रदेश,संघको निर्वाचनमा समेत चुनाव प्रचारमा लागेको कतिपय ठाउमा भिडियो, अडियो पनि आएको थियो ।

बाँकी ६ पृष्ठमा

# चन्द्रागिरि नगरपालिकाको ३ नं बडा बालश्रम मुक्त घोषणा




काठमाडौँ- चन्द्रागिरि नगरपालिका आफ्नो नगरलाई बालश्रम मुक्त बनाउने अभियानमा लागेको छ । नगरपालिकाले केही वडालाई बालश्रम मुक्त घोषणा गरिसकेको छ भने केही वडाहरू घोषणाको तयारी छ ।


चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले समग्र नगरपालिकालाई नै बालश्रम मुक्त घोषणा गर्ने अभियान जारी रहेको र आगामी २०८१ सालको चैतसम्ममा उक्त घोषणा भइसक्ने जानकारी दिए । उक्त नगरपालिकामा १५ वडा छन् । अहिलेसम्म चन्द्रागिरि- ३ र १४ भने बालश्रम मुक्त भइसकेको छ ।

वडा नं १४ गत वर्ष घोषणा भएको हो भने वडा नं ३ लाई बिहीबार घोषणा गरिएको हो । उक्त वडाभित्र फेला परेका १८ बालबालिकामध्ये केहीलाई विद्यालय भर्ना गरिएको र केहीलाई घर फिर्ता गरी बालश्रम मुक्त घोषणा गरिएको वडा नं ३ का अध्यक्ष दुर्गालाल महर्जनले जानकारी दिनुभयो भने यसअघि विभिन्न चरणमा कार्यक्रम तथा अनुगमन गरी बालश्रम मुक्त घोषणा गरिएको बताउँदै वडाध्यक्ष महर्जनले वडालाई छिटोभन्दा छिटो बालमैत्री बनाउने प्रतिबद्धता जनाए ।

बालश्रम मुक्त बनाउन बाल विकास समाज र वल्ड भिजन इन्टर नेसनल नेपालले सचेतनामूलक कार्यक्रम तथा तालिम प्रदान गरेको थियो । समाजका सिनियर फिल्ड अधिकृत दीपेन्द्र पराजुलीले नगरपालिकाको सामाजिक विकास तथा सुशासनका काममा संस्थाले आवश्यक सहयोग गर्दै आएको र यस वडालाई बालश्रम मुक्त बनाउन आवश्यक सहकार्य गरिएको बताए ।

यहाँ बालश्रम मुक्त वडा घोषणा गर्नुअघि उक्त वडाको मुख्य बजार थानकोटमा विभिन्न वेशभुषासहितको झाँकी तथा बाजागाजासहित र्‍याली निकालिएको थियो । विभिन्न स्कुल तथा महिला समूह र जातजातिका प्रतिनिधिहरूको सहभागितामा प्लेकार्डसहित र्‍याली निकालिएको थियो ।

# संविधानमा लेखिएका व्यवस्थाबारे नागरिकले थाहा पाएनन्




संविधान जारी भएको ८ वर्ष पूरा भए पनि नागरिकले भने संविधानमा लेखिएको व्यवस्था थाहा पाउन पाएका छैनन् । गाउँमा खेती किसानी र मजदुरी गर्नेहरू मात्रै नभइ पढेलेखेकै युवा पनि संविधानका प्रावधानबारे बेखबर छन् । देशको इतिहासमै पहिलो पटक संविधान सभामार्फत जनताका प्रतिनिधिले बनाएको संविधान २०७२ असोज ३ गते जारी भएको थियो ।

अधिवक्ता खगेन्द्र खरेलले जनताले संविधान नबुझ्नुमा सरकारकै कमजोरी रहेको बताउनुभयो । संविधानको अर्थ र मर्म, संविधानले दिएको अधिकार नै जनताले नबुझेपछि अन्यायमा परेकाले न्याय पाएका छैनन् भने समाजमा अपराधहरू बढेका छन् । अर्कोतर्फ सबैले नबुझेकै कारण, कानुन कार्यान्वयनमै समस्या देखिएको छ ।


दैलोमा पुगेको सिंहदरबार अर्थात् स्थानीय सरकारले पनि जनतालाई अधिकार, कर्तव्य र कानुन बुझाएको छैन । नागरिकले संविधान नबुझ्दा यसको कार्यान्वयनमा जटिलता उत्पन्न भएको संविधानका जानकारहरू बताउँछन् । ज्ञाताहरूले कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने गरेका छन् । तर तीनै तहका सरकारले, जनतालाई कानुन बुझाउनु पर्छ भन्ने हेक्का राखेका छैनन् ।

# मानव बेचबिखन : पाँच वर्षमा एक हजार ६ सयको उद्धार

**काठमाडौँ-** पछिल्लो पाँच वर्षमा नेपाललगायत विभिन्न देशबाट बेचबिखनमा परेका एक हजार छ सय ७९ जनाको उद्धार गरिएको छ। नेपाल प्रहरीको मानब बेचबिखन अनुसन्धान ब्यूरोका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि आव २०७९/८० सम्ममा बेचबिखनमा परेका उनीहरुको उद्धार गरिएको हो ।

ब्यूरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार एक हजार एक सय ३४ जनाको विभिन्न जिल्लास्थित प्रहरी कार्यालयबाट उद्धार गरिएको छ । ब्यूरोकै पहलमा पाँच सय ४४ जनाको उद्धार गरिएको छ । यसरी उद्धार गरिएकामध्ये एक हजार ७८ महिला तथा छ सय पाँच पुरुष रहेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा बेचबिखनमा परेका मध्ये दुई सय १४ जनाको उद्धार गरिएको प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए । यस्तै आव २०७९र८० मा तीन सय ३६ जनाको उद्धार गरिएको थियो । वैदेशिक रोजगारीका नाममा बेचबिखन बढ्दो रहेको उनले बताए ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १०, २०८० साल असोज ९ गते मंगलबार (Sep 26, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

# देश बनाउने आधारहरू तयार गरौं ।

नेपालमा सम्भावना छैन भन्दै दैनिक विदेश गईराखेका मानिसहरुलाई नेपालमा नै सम्भावना छ। यहा पनि काम गरेर, व्यवासाय गरेर, उद्योग खोलेर, खानी खोतलेर मनग्य आम्दानी गर्न सकिन्छ भन्ने आधारहरु तयार गर्न सक्नुपर्छ । यहिलेको समयले त्यहि माग गरिरहेको छ ।

त्यस्तो आधार बनाउने भनेको सरकारले सिर्जना गर्ने तत्कालीन नीति, योजना र दिर्धकालीन नीतिले मात्र सम्भव छ । नेपालको जनसंख्या मात्र लगभग तीन करोड रहेको छ । यो संख्याको आधारमा नेपालको जनसंखा झण्डै ८० लाँखको हाराहारीमा विदेशमा काम गर्न र पढ्न गएकाहरुको आकडा देखिन्छ । त्यसमध्य सवैलाई रोजगार दिन र विदेशमा जस्तै नीतिगत रुपमा सुधार हुने बैकले रिण समयमा दिने र व्यवासाय गर्नलाई सरकारले वातावरण बनाईदिने, कृषि गर्ने कृषकलाई भुमिको पहुच गराईदिने हो भने यि सवै नेपालीहरु देशमा नै फर्कन सक्छन् । केही केही नफर्केलान् । खाडी मुलुकमा गएकाहरु त फर्किनछन् नै । तर विकसित मुलुकहरुमा गएका नेपालीहरु फर्कने सम्भवना कम नै छ । त्यसैले नेपालमा नेपालका राजनीतिक पार्टी, जसले सरकारको नेतृत्व गरिहेको छ अर्को सरकारमा सहभागी भएका पार्टी सरकारले संयुक्त रुपमा देशमा निरास बन्दै गएको समाजलाई उत्साह भर्नेगरी कार्यक्रम बनाउन ढिलो गर्नुहुदैन । र विकसीत मुलुकमा गएका नेपालीलाई समेत त्यहाकोभन्दा राम्रो वातावरण बनाएर अर्थात पैशा मात्र ठुलो होइन सामाजिक न्यायमा आधारित समाजको निर्माण गरेर पनि आकर्षित गर्न सकिन्छ । त्यो काम गर्न सक्ने निकायले ध्यान पुऱ्याउनुपर्छ ।

देशको वातावरण राम्रो बनाएर नेपालीहरुलाई विश्वास दिलाउन सकेको खण्डमा नेपालमा नेपालीहरु विश्वका बिभिन्न देशमा गएर सफल व्यवासाय गरिहरेका सीप जानेका देशको व्यवास्थापन गर्न सक्ने ज्ञान भएका थुप्रै नेपाली नागरिकहरु देशभन्दा बाहिर र देशभित्र पनि रहेकाछन् ।

ति क्षमता भएका मानिसहरुलाई आवहन गरेर देशको विकास गर्ने नागरिकहरुलाई देश विकास गर्ने आधारहरु तयार गरिदिने हो भने नेपालका नेपालीहरुले अर्काको देशमा त गएर ईमानदारिताका साथ काम गरेकाछन् विकासका आधार तयार गरेकाछन् । आफ्नो जन्मभूमिमा सम्भावना हुदाहुदै अर्काको देशमा को जान्छ र ? त्यसैले नागरिकहरुलाई जिम्मेवार बनाउने उत्साह भर्ने सम्भावनाका रेखाहरु कोरेर देखाउने काम त सरकारले नै गर्ने हो । सरकारले नीति बनाउन सक्छ । लागु गर्न सक्छ । छिटो छरितो तरिकावाट कार्यन्यन गर्न राज्य सयन्त्र परिचालन गर्न सक्छ । यो काम गर्नलाई सरकारले चाहेमा मात्र सक्छ । स्रोत साधन नेपालको आफ्नै भएका प्रयोग गर्ने नभएका विश्वका विकसित भएका राष्ट्रहरुले विगतमा गरेका अभ्यासहरु के छन् ति अनुभवलाई समेत लिएर नेपालमा बढ्दै गएको निरासालाई उत्साह भर्ने र विकासको आधार यि यि हुन् । यसरी गरौ भनेर कार्यक्रम सार्वजनिक गरेर विकासको आधार तयार गर्न सकिन्छ । यो काम छिटो गर्नुपर्ने देखिन्छ ।

# माइतीघर मण्डलामा घन्केका ती नाराहरू !



नगेन्द्रराज पौडेल

- आफू जलेर पनि अरूलाई उज्यालो दिने मैनबत्तीकै स्थानमा रहने गुरुहरू कहिल्यै हार्दैनन
- सरकार र शिक्षकबिच सम्झौतामा भएका बुदाहरू क्रमशः कार्यान्वयन गर्दै जानुमा नै सबैको हित छ

**'तिमीलाई कसले पढायो ?**
**हामी जस्ता गुरुले ।**
**मन्त्री कसले बनायो ?**
**हामी जस्ता गुरुले ।'**

माथिको भनाइ काठमाडौंको सार्वजनिकस्थल माइतघर मण्डलामा देशभरका शिक्षक जम्मा भएर घन्काइएका नाराको एक अंश थियो । अघिल्लो बिहीबार र शुक्रबार अरूलाई अन्यायविरुद्ध लड्न शिक्षा दिने देशभरका गुरुहरू आफैं अन्यायमा परेको भन्दै स्वतस्फूर्त रूपमा काठमाडौंमा एकत्रित भएका थिए । देशको दुर्गमस्थानदेखि राजधानीसम्मका शिक्षकहरू सरकारले यसअघि विद्यालय शिक्षासम्बन्धी विधेयक सदनमा पेस गर्ने निर्णय गरेपश्चात आन्दोलित भएका हुन् । उक्त विधेयकमा शिक्षकका लागि धेरै कुराको कमी कमजोरी रहेको भन्दै १८ बुँदे मागपत्रसहित उनीहरू राजधानीकेन्द्रित आन्दोलन गरेका थिए । अन्ततः राजधानी केन्द्रित शिक्षकको आन्दोलन अघिल्लो शुक्रबारबाट सकिएको छ । विद्यालय शिक्षासम्बन्धी विधेयकले पेसागत मागहरू नसमेटेको भन्दै सोको विरोधमा नेपालभरका शिक्षकहरू उत्रिएका हुन् । गत असोज ४ र ५ गते राजधानी आई आन्दोलन गरेका उनीहरू, नेपाल शिक्षक महासंघ र सरकारबीच अघिल्लो शुक्रबार साँझ गृह मन्त्रालयमा ६ बुँदे सहमति पछि विद्यालयमा पठनपाठनका लागि फर्केका छन । यतिबेला उनीहरू आआफ्नो विद्यालयमा पुगी दैनिकी सम्हालिसकेको अवस्था छ ।

राजधानीमा नेपालभरका शिक्षक भेला भई आन्दोलन सुरु गरेको दुई दिनमा नै नेपाल सरकार र आन्दोलनरत पक्षका संघ, संगठनबिच सहमति भई गतअसोज ५ गतेदेखि आन्दोलन स्थगन भएको थियो । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको पहलमा दुई पक्षबीच भएको बार्ताले सार्थकता पाएपछि शिक्षक आन्दोलन स्थगन भएको थियो ।

### अपव्याख्या नगरौं

आन्दोलनपश्चात बार्तामा भएका सहमतिलाई लिएर यतिबेला शिक्षकले हारेको र सरकारले शिक्षकलाई पुनः एकपटक झुक्याएको भनी आलोचना भएको देखिन्छ । कुरा त्यो होइन । अन्धकारबाट उज्यालोतिर लैजाने गुरुहरू कहिल्यै पनि हारेका हुँदैनन् । उनीहरूले जुन दिन अन्धकारमा रुमलिएकालाई शिक्षा दिएर एउटा सक्षम, सबल र योग्य नागरिक बनाउने महाअभियानमा आफूलाई समर्पित गर्ने प्रण गरेर चक, डस्टर समाउने संकल्प गर्छन् त्यही दिनदेखि गुरुहरूको जित देखिन्छ । तसर्थ अमूल्य ज्ञानको ज्योति फैलाउने गुरुहरूले हारे भनेर गरिने प्रचारको कुनै तुक देखिँदैन । आफू जलेर पनि अरूलाई उज्यालो दिने मैनबत्तीकै स्थानमा रहने गुरुहरू कहिल्यै हार्दैनन्, हारेपनि त्यो अनुभूत गर्दैनन् । यसैले अनावश्यक विवाद र गुरुहरूप्रति खिसीटिउरीले यतिबेला खासै अर्थ राख्दैन ।

गुरुको अर्थ हुन्छ अन्धकारलाई रोक्ने वा हटाउने । जसले जीवनमा अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानको ज्योति बालिदिन्छन, उनीहरू नै गुरु हुन् । यसकारण उनीहरू पूज्य र स्तुत्य हुन्छन । गूरुहरू आमा, बासरह मनिन्छन । वेदले मातृदेवो भव र पितृदेवो भवको साथमा आचार्यदेवो भव भनेर उनीहरू सबैलाई एउटै स्थानमा उभ्याएको छ । पूर्वीय दर्शनमा गुरुलाई त्रिदेव अर्थात ब्रह्मा, विष्णु, महेश्वरका रूपमा स्थापित गरेको छ । तसर्थ, त्रिमुर्तिप्रतिको सम्झौता कार्यान्वयन गर्न अब भने अलमल गर्न हुँदैन । गुरुको अपमान हुने काम कुनै पक्षबाट पनि हुनु जायज मानिँदैन ।

### सहमतिमा के छ ?

प्रस्तावित विधेयकमा स्थानीय तहले शिक्षकको सरुवा, बढुवा, कार्यसम्पादन मूल्यांकन, नियुक्ति, नियमन र रेखदेख गर्ने उल्लेख गरिएको छ । संविधानमा पनि माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तह मातहत उल्लेख गरिएको छ । तर, आमशिक्षक आफूहरू स्थानीय तहभन्दा संघीय सरकारअन्तर्गत नै रहन चाहेको बताएका थिए । विधेयकको उक्त व्यवस्थाप्रति शिक्षकको मुख्य असन्तुष्टि थियो । उक्त व्यवस्था हटाउन संविधान नै संशोधन गर्नुपर्ने कुरा शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले बताएका छन । तर, संविधान संशोधन भनेजस्तो सजिलो भने छैन । तसर्थ, विद्यमान व्यवस्थाको परिधिमा रही शिक्षकलाई दिन सकिने र दिन मिल्ने उच्चतम सुविधाहरू स्वतस्फूर्त रूपमा दिनुपर्छ ।

शिक्षकको सरुवा स्थानीय तहले गर्ने प्रस्तावित विधेयकले राखेको प्रावधानमा पनि शिक्षक राजी थिएनन् । आन्दोलन त्यसतर्फ पनि लक्षित थियो । स्थानीय तहले शिक्षकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिपछि मात्र गर्न पाउने गरी विधेयक संशोधन गर्ने सम्झौता दुवै पक्षबीच भएको छ । स्थानीय तहले शिक्षकलाई विभागीय कारबाही र सजाय गर्न सक्ने व्यवस्था भएकोमा सम्झौतापछि उक्त बुँदालाई विधेयकबाट हटाउन सहजीकरण गर्ने सम्झौता सरकार र शिक्षक महासंघसबिच भएको छ ।

### इमान देखाउ

सम्झौताको मसी सुक्न नपाउँदै शिक्षामन्त्री अशोक राईले सरकार र शिक्षकसँग भएको सहमति आफूले कार्यान्वयन गर्न नसक्ने भनी अभिव्यक्ति दिएको कुरा बाहिर आएको छ । यो भनाइ साँचो हो यदि भने यसलाई विभागीय मन्त्रीको कमजोरीका रूपमा लिनुपर्ने हुन्छ । शिक्षा मन्त्रीको एकल प्रयासले मात्र उक्त सम्झौता कार्यान्वयन हुन सक्दैन । यो जग जाहेर नै छ । तर, यसका लागि पहिलो प्रयास र सहजीकरण भने विभागीय मन्त्रीकै चाहिन्छ । मुलुकभरका शिक्षक जम्मा हुँदाको काठमाडौंको अवस्था सबैले हेरेकै हो । उक्त भेला कुनै राजनीतिक दलको आह्वानमा भएको थिएन, न त निःशुल्क आते जाते, खान बस्नलाई कुनै एनजिओले नै प्रायोजन गरेको थियो । स्वतर्स्फूत रूपमा उत्रिएको जमातसँग भएको सहमति कार्यान्वयन नगर्दा पुनः अर्कोपटक यो आन्दोलन हुँदैन भन्ने कुनै ग्यारेन्टी छैन । तसर्थ, सम्झौता कार्यान्वयनका लागि सबैले इमान देखाउन जरुरी छ ।

संविधान देशको मूल कानुन हो । संविधानको कार्यान्वयनका लागि ऐन चाहिन्छ । हामीकहाँ झन्डै एक दशकअघि संघीयतासहितको संविधान जारी भइसक्दा पनि आजसम्म संविधानले गरेको शैक्षिक व्यवस्थालाई कार्यान्वयन गर्ने शिक्षा ऐन बन्न सकेको थिएन । ढिलै भए पनि वर्तमान सरकारले शिक्षा ऐन सदनमा प्रस्तुत गर्ने निर्णय गरेको छ । उक्त विधेयक दुवै सदनबाट पारित भई राष्ट्रपतिद्वारा प्रमाणीकरण भएपछि ऐन बन्ने छ । ऐनले गरेको व्यवस्था कार्यान्वयनका लागि पनि नियमावलीको जरुरत पर्दछ ।

ऐनमा स्पष्ट नभएका विषय तथा शिक्षक महासंघसँग वार्तामा सहमति भई ऐनमा समावेश हुन नसकेका विषयलाई समेत नियमावलीमा समावेश गरेर सम्बोधन गर्न सकिने प्रयाप्त सम्भावना र अवसर छ । यो अवसरको सदुपयोग सरकार पक्षले गर्नै पर्दछ । ऐन बनेपछि जारी हुने नियमावलीमा केही माग समावेश गर्न पहल गर्ने समझदारीसमेत सरकार र महासंघबिच भएको छ । गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा भएको वार्तापछि सहमतिपत्रमा शिक्षा सचिव सुरेश अधिकारी र महासंघ अध्यक्ष कमला तुलाधारले हस्ताक्षर गरिसकेको हुँदा उक्त सहमतिलाई पालना गर्नु आन्दोलनरत र सरकार दुवै पक्षको कर्तव्य हो ।

### मुख्य सहमति

सहमतिपत्रमा शिक्षकको मर्यादाक्रम कायम गर्ने, १० वर्षमा आवधिक बढुवाको व्यवस्था गर्ने, अस्थायी, करार, राहत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट ७५ प्रतिशत स्थायी गर्ने, माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवा हुनका लागि न्यूनतम पाँच वर्ष सेवा कायम गर्ने, शिक्षकले पाइरहेको उपचार खर्चलाई निरन्तरता दिने, दुर्गम भत्ता दिने, निजामती कर्मचारीसरह योगदानमा आधारित निवृत्तिभरण प्रारम्भ हुने, शिक्षकको सेवा प्रवेशको उमेर हद ४० वर्ष बनाउने, बालविकास कक्षालाई विद्यालय संरचनाभित्र राख्दै त्यहाँ कार्यरत शिक्षकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने जस्ता विषयहरू परेका छन ।

राहत शिक्षकको गुनासो

सरकार र नेपाल शिक्षक महासंघबिच सम्पन्न सहमतिपछि राहत शिक्षकले असन्तुष्टि जनाएका छन । सरकारसँग ६ बुँदे सहमतिपछि महासंघले अघिल्लो शुक्रबार राति नै आन्दोलनको कार्यक्रम अन्त्य गर्दै पठनपाठनका लागि विद्यालय सञ्चालन गर्ने निर्णय गरेकामा नेपाल राहत शिक्षक केन्द्रीय समितिमा आबद्ध शिक्षकले भने उक्त सहमति आफूहरूलाई मान्य नभएको भन्दै शनिबार पनि काठमाडौंमा प्रदर्शन गरेका थिए ।

राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारीले माग पूरा नभएसम्म विद्यालय नफर्कने र काठमाडौंमै आन्दोलन जारी राख्ने चेतावनी दिएका छन । हाल देशभर ४० हजार राहत शिक्षक कार्यरत रहेको शिक्षा सम्बद्ध स्रोतले जनाएको छ । उनीहरूको मुख्य गुनासो ७५ प्रतिशत आन्तरिक प्रतियोगिताबाट स्थायी गर्नेमा रहेको बुझिएको छ । उनीहरूको माग भने सतप्रतिशत नै आन्तरिक प्रतियोगिताबाट स्थायी गरिनुपर्ने भन्ने थियो ।

शिक्षक महासंघले राहत, साबिक उमावि, अस्थायी-करार, शिक्षण सिकाइ अनुदान, विशेष शिक्षा, प्राविधिक धारलगायत अस्थायी रूपमा कार्यरत शिक्षकलाई दरबन्दी कायम गरी सतप्रतिशतलाई आन्तरिक प्रतिस्पर्धाका आधारमा स्थायी हुने सुनिश्चित गर्नुपर्ने माग अघि सारेको थियो । सरकारसँग भएको सहमतिमा यस्ता शिक्षकमध्ये ७५ प्रतिशतलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्ने उल्लेख छ ।

कुनै पनि आन्दोलनमा सबैका सबै माग पूरा हुन सक्दैनन् । यसैकारण सहमतिमा पुग्नुपर्ने हरेक आन्दोलनको चरित्र नै हो । अब जसका माग पूरा हुन बाँकी छ त्यसलाई अघि सार्ने र सम्झौतामा भएका बुँदाहरू क्रमशः कार्यान्वयन गर्दै जानुमा नै सबैको हित छ । फेरि एकपटक सोचौं, शिक्षा बिग्रियो भने देश नै बर्बाद हुन्छ । यसका लागि गुरुसँग सौदाबाजी होइन सम्मानजनक व्यवहार आवश्यक छ । अब फेरि 'तिमीलाई कसले पढायो ? हामीजस्ता गुरुले' भन्ने नारा माइतघर मण्डलामा घन्कने परिस्थिति नबनोस ।

# राष्ट्रीय जनमुक्ति पार्टीले संबिधान पुनर्लेखन माग गर्यो

-जयराम बिडारी

**काठमाडौं–** जनताको प्रत्यक्ष सहभागितामा निर्माण गरिएको। भनिएको नेपालको वर्तमान सम्बिधानका पक्ष तथा बिपक्षमा आ-आफ्नै समर्थन र बिरोधका आवाज हरु प्रकट भईरहेको परिप्रेक्ष्यमा राष्ट्रिय जनमुक्ति पार्टीले संविधान पुर्नलेखनको माग सहित 'असोज ३ खवरदारीको दिन' भन्ने नारासहितको कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा पार्टीका उपाध्यक्ष बलदिप राई, सचिवालय सदस्य राम बहादुर अस्लामी मगर , कोषाध्यक्ष डिके सुर्यवंशी, प्रदेश सचिवालय ओम प्रकाश बिश्वकर्मा लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागीतामा राजधानी स्थित अनामनगरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उक्त पार्टीले संविधानभित्रका कतिपय प्रावधानहरुलाई सच्याउन र संसोधनसहित पुर्नलेखन गर्न माग गर्दै कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रमको औचित्य बारे बोल्दै पार्टीका महासचिव टोप अस्लामी मगरले राष्ट्रीय एकता,स्थायी शान्ति,दिगो बिकाशको सुनिश्चितता तथा प्राप्त उपलब्धिको जगेर्ना गर्दै अपूर्ण संबिधानलाई पूर्णता दिनका लागि ३९ बुदे संविधान पुर्नलेखन पत्र प्रस्तुत गरेका थिए ।




मगरले जनता द्धारा प्रत्यक्ष प्रधानमन्त्रीय शासन प्रणाली हुनुपर्ने, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी राज्यले लिनुपर्ने, पहिचानसहितको प्रदेशको नामाकरण, स्वदेशी उत्पादनमा जोड, राष्ट्रिय अर्थतन्त्रको विकास तथा भ्रष्टाचार मुक्त समाज निर्माण लगायतका मागहरु सम्वद्ध पक्षसंग राखेका छन् ।

जनमुक्ति पार्टीले २०८४ मा हुने आम निर्वाचनलाई मध्यनजर गरि जन जागरणका थप कार्यक्रम समेत घोषणा गरिने जनाउँदै सरकारलाई दवाव दिने समेत जनाएको छ।

आगामी दिनमा संविधान पुर्नलेखनलाई प्रमुख एजेण्डा बनाएर जनता समक्ष जाने र सम्बन्धित निकायलाई दवाव दिनका लागी कडा संघर्षका कार्यक्रमहरु पनि छिट्टै घोषणा गर्ने समेत जनाएको छ ।

# आयरल्यान्डबाट सभामुख देवराज घिमिरे स्वदेश फिर्ता



**काठमाडौँ –** सभामुख देवराज घिमिरे आइतबार आयरल्यान्डको भ्रमण सकेर स्वदेश फर्किएका छन् । स्वदेश फर्किएपछि विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा उनले भ्रमणका क्रममा आइरिस सदनको माथिल्लो सदन सिनड एरियनका अध्यक्ष जेरी बटाइमर र आयरल्याण्डका राष्ट्रपति महामहिम माइकल डि. हिगिन्ससँग शिष्टाचार भेट भएको बताए ।

उनले भेटमा आयरल्यान्डका तल्लो सदन डोलय एरियनका सभामुख सान ओ फारगेल, आइरिस सरकारका आवास, स्थानीय सरकार तथा सम्पदामन्त्री दर्राघ ओ ब्रायन, आइरिस सरकारका शिक्षा मामिला हेर्ने राज्यमन्त्री नियाल कोलिन्ससँग पनि शिष्टाचार भेट गरेको बताए ।

भ्रमणमा नेपाली विद्यार्थीका लागि सहज भिसा तथा छात्रवृत्तिको व्यवस्था, क्यान्सर लगायतका रोगको निदानका लागि आवश्यक उपचार पद्धति, प्रविधि लगायतको सहयोगबारे, एक अर्का देशका नागरिकको भ्रमण, नेपालको हिमाल र सगरमाथा हर्ने र आरोहणको लागि प्रोत्साहनबारे छलफल भएको बताए ।

उनले नेपाली दक्ष तथा अदक्ष जनशक्तिका लागि रोजगारीको अवसर सिर्जना, बेलायतको भिसा भएका नेपालीहरुलाई आयरल्यान्ड भ्रमणमा सहजीकरण गर्ने, आगामी दिनमा नेपालबाटै आयरल्याण्डका लागि भिसाको प्रबन्ध गर्ने, नेपालमा आइरिस लगानी भित्र्याउनेबारेमा र जलवायु परिवर्तन लगायत विषयमा विश्व मञ्चमा साझा सहकार्य गर्नेबारेमा छलफल भएको बताए ।

'भ्रमणमा नेपाली विद्यार्थीका लागि सहज भिसा तथा छात्रवृत्तिको व्यवस्था, क्यान्सर लगायतका रोगको निदानका लागि आवश्यक उपचार पद्धति, प्रविधि लगायतको सहयोगबारे छलफल, एक अर्का देशका नागरिकको भ्रमण, नेपालको हिमाल र सगरमाथा हर्ने र आरोहणको लागि प्रोत्साहनबारे छलफल, नेपाली दक्ष तथा अदक्ष जनशक्तिका लागि रोजगारीको अवसर सिर्जनाबारे, बेलायतको भिसा भएका नेपालीहरुलाई आयरल्याण्ड भ्रमणमा सहजीकरण गर्नु, उनले भने आगामी दिनमा नेपालबाटै आयरल्याण्डका लागि भिसाको प्रवन्ध गर्ने, नेपालमा आइरिस लगानी भित्र्याउनेबारेमा र जलवायु परिवर्तन लगायत विषयमा विश्व मञ्चमा साझा सहकार्य गर्नेबारेमा छलफल भयो ।

सभामुखको भ्रमण टोलीमा प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डेय, सभामुखका स्वकीय सचिव तेजप्रकाश भट्टराई थिए भने आयरल्यान्डमा नेपाली राजदूतावास, लण्डनका द्वितीय सचिव रामबाबु नेपाल प्रतिनिधिमण्डलमा सहभागी थिए । सभामुखको टोली भदौ ३१ गते आयरल्यान्ड प्रस्थान गरेको थियो ।

# महँगी नियन्त्रणका लागि सम्पूर्ण उपाय लगाएको छु : मन्त्री रिजाल

**काठमाडौँ–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरकारले महँगी नियन्त्रणको प्रयास गरिरहेको र प्रतिक्षित परिणाम नआएको बताएका छन् । उनले दशैंअघि सकेसम्म बजारलाई व्यवस्थित गर्न सम्पूर्ण उपाय लगाएर प्रयास गरिरहेको बताए ।

सानेपास्थित केन्द्रीय कार्यालयमा जारी केन्द्रीय कार्यसमितिको बैठकमा नेताहरूले सरकारले महँगी नियन्त्रण गर्न नसकेको भन्दै प्रश्न उठाएका थिए । जवाफमा मन्त्री रिजालले महँगी नियन्त्रणका लागि विभिन्न संयन्त्रमार्फत काम भइरहेको बताए ।

'बजारमा कतिपय खाद्य वस्तुहरूको अभाव छ । जसकारण व्यवसायीले मूल्य बढाएका छन् । मैले त्यसबारे भारत सरकारका मन्त्री र प्रतिनिधिहरूसँग पनि कुरा गरिरहेको छु । तर सुधार देखिएको छैन,' उनले भने, 'दशैं आउन लागिसकेको छ । बजारमा मूल्य नियन्त्रण गर्न हामीले प्रयास गरिरहेकै छौं



। तर नतिजा देखिएको छैन । त्यसैले छिटोभन्दा छिटो परिणाम आउँछ । आशा गरौं कि दशैंभन्दा अगाडि नै परिणाम आउनेछ ।'

उनले बजारमा बढ्दो कालोबजारीलाई नियन्त्रण गर्न सरकारले तीन वटा समूह बनाएर अनुगमनको काम गरिरहेको बताए । उनले पञ्चायतकालीन कानुन लिएर गणतन्त्रमा बजार नियन्त्रण गर्न नसकिने अवस्था रहेको भन्दै समयानुकुल कानुन निर्माण र फेरबदलका लागि पार्टीले सहयोग गर्नुपर्ने बताए ।

# रामेछाप डायरी

## सवैको मन जितेर विदा भए गोकुलगंगाका प्रसाशकीय अधिकृत थापा



**काठमाडौ–** रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत होम बहादुर थापा फेरी भेटौला कार्यक्रम सहित यहि २०८० असोज ६ गते विदा भएकाछन् ।

प्रमुख प्रशासकीय थापा तेह्र महिना आगडी गोकुलगंगा गाउँपालिकामा रामेछाप नगरपालिकावाट प्रमुख प्रशासकीय अधिकृतको कार्यभार समाल्न काजमा आएका थिए । उनले तेह्र महिनाको कार्यकालमा सवैको मन जित्न सफल भएका थिए । थापाको कार्यकालमा कुनैपनि मानिसहरुले प्रशासनिक समस्या भोग्नु नपरेको बताएकाछन् । उनको विदाईमा गाउँपालिकाले आयोजना गरेको फेरी भेटौला कार्यक्रममा जनप्रतिनिधिहरुले उक्त कुरा बताएका हुन् ।

फेरी भेटौला कार्यक्रमको प्रमुख अतिथि समेत रहेकी गोकुलगंगा गाउँपालिकाकी उपाध्यक्ष उषादेवी कार्कीले प्रमुख प्रशासकीय अधिकृतले हामी जनप्रतिनिधिलाइ समेत कतिपय नजानेका बिषयहरु सिकाएर काम गर्न सजिलो पार्नुभएको थियो । उहा जस्तो असल प्रशासकीयलाई याही राख्न हामीलाई मन थियो । तर कर्मचारीलाई हामीले राख्न चाहेर मात्र नहुदो रहेछ । सरकारले जाहा खटाउछ त्यहा जानुपर्दोरहेछ । त्यसैले उहालाई उत्तर उत्तर प्रगतीको कामना भन्दै शुभकामना दिएकी थिइन । यसैगरी गाउँपालिकामा रिक्त रहेको पदमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यभार समाल्न आएका साथै फेरी भेटौला कार्यक्रमका अध्यक्ष समेत रहेका उमेश प्रसाद यादवले होम बहादुर थापा सरले गर्नुभएको काम र यो अपार तपाईहरुको माया देख्दा मलाई समेत चुनौति थपिएको बताएका थिए ।

उनले कतिपय गाउँपालिकाहरुमा कुन हाकिम कतिखेर जान्छ र आउछ थाहा नै हुदैन । याहा उहाले कर्मचारी साथीहरु जनप्रतिनिधिहरु सवैको साथमा उत्तिक्कै मेहनतका साथ काम गर्नुभएको हुनाले यो अपार माया पाउनुभएको जस्तो मलाई लाग्यो । त्यसैगरी उहाका राम्रा कामको निरन्तरता आफुले पनि दिने र विगतमा जस्तै शाखाका साथीहरुले सहयोग गर्नुपर्छ । गर्नुहुन्छ भन्ने मलाई विश्वास पनि छ भन्दै प्रशासकीय थापालाई शुभकामना दिएका थिए ।

त्यस फेरी भेटौला कार्यक्रमका बिशेष अतिथि समेत रहेका गोकुलगंगा गाउँपालिकावाट काज फिर्ता भएका प्रशासकीय होम बहादुर थापाले कार्यक्रममा उपस्थितलाई सम्बोधन गर्दै आफ्नो कार्यकालमा त्यस्तो कुनै नराम्रा घटना नभएका यदि अन्जानमा भएका रहेछन् भने त्यो हामीहरुकै लागि रहेछ भनेर बुझिदिनुहुन्छ र एउटा गाउँपालिका सफल हुनलाई शाखाहरुको पनि त्यतिकै भुमिका हुनुपर्छ । हरेक कर्मचारीको उत्तिक्कै भुमिका हुनुपर्छ । त्यो मेरो कार्यकालमा सवै साथीहरुले राम्रो सँग भुमिका निर्वाह गर्नुभयो र प्रशासकीय सफल भयो भने जनप्रतिनिधिहरु पनि सफल हुन्छन् । भन्दै आफु धेरै टाढा नभएको रामेछाप नगरपालिकामा काजमा गएको छु । मेरो सहयोग जुनसुकै समयमा आवश्यक भएमा गोकुलगंगालाई रहन्छ भनि प्रतिबद्धता जनाएका थिए ।प्रशासकीय थापालाइ स्थानीय उत्पादन पालिकाले खुकुरी उपहारको रुपमा उपाध्यक्ष उशादेवि कार्कीको हातवाट प्रदान गरिएको थियो।

त्यसैगरी अन्य सर्वसाधरणले समेत थापाको कार्यकालमा प्रशासनिक काम छिटोछरितो भएको र विकासका कामहरु उल्लेखनिय मात्रमा भएको बताउदै प्रशंसा गरेकाछन् ।

## रामेछाप कारागारबाट ३ जना कैदी जेल मुक्त

संविधान दिवस २०८० को अवसरमा रामेछाप कारागारमा रहेका ३ जना कैदी जेल मुक्त भएका छन् । जेल मुक्त हुने ३ जना कैदी विभिन्न मुद्धामा जेल सजाय भोगिरहेकाहरु हुन । ४० देखी ५० प्रतिशत कैद सजाय भोगिसकेकाहरुको सजाय मिनाहा भएको हो ।

सर्लाहीका राजेशचन्द्र सिंह,रामेछाप नगरपालिका ३ का दिल कुमार तामाङ्ग र सुनापती गाउँपालिका ३ का सोम बहादुर तामाङ्ग जेल मुक्त भएका हुन । चोरी तथा कुटपिट मुद्धामा जेल परेका उनिहरुको ५० प्रतिशत जेल सजाय कट्टा गरिएको जिल्ला कारागार कार्यालय रामेछापका प्रमुख रुपलाल तामाङ्गले जानकारी दिनुभयो ।

असल आचरण र व्यवहारका आधारमा जिल्ला कारागारबाट सिफारिस भएपछि संविधान दिवसको अवसरमा उनिहरुलाई कैद सजाय तोकेको मिति अगावै जेल मुक्त गरिएको कारागार प्रमुख तामाङ्गले बताउनुभयो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १०, २०८० साल असोज ९ गते मंगलबार (Sep 26, 2023)

# आइएमईको घोषणा “आइएमई गरौँ, करोडपति बनौँ”

**काठमाडौं–** नेपालको नेतृत्वदायी रेमिटेन्स सेवा प्रदायक कम्पनी आइएमईले विदेशमा कमाएको रकम औपचारिक माध्यम-रेमिटेन्स मार्फत रकम पठाउन थप प्रोत्साहन गर्ने उद्देश्यले आइएमई गरौँ,करोडपति बनौँ योजना सार्वजनिक गरेको छ ।




आइएमई गरी रकम पठाउने सेवाग्राहीहरुमध्ये एक जनाले १ करोड रुपैयाँ नगद जित्ने छन् । सगसगै प्रत्येक महिना एक जनाले १ लाख नगद रुपैयाँ पाउने छन् । यसै गरी दसैं,तिहार तथा छठ पर्वमा १८ सय सेवाग्राहीले थप आकर्षक उपहार प्राप्त गर्ने छन् । आइएमई गरी आइएमई पे वालेट र बैङ्क खातामा जम्मा गर्ने तथा आइएमई काउण्टरमा रकम पठाउने सेवाग्राहीहरू यो योजनामा सहभागी हुन पाउने छन् । यो योजना २०८० असोज २ गते देखि २०८१ भदौ मसान्त सम्म लागु हुने छ ।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीहरूलाई औपचारिक माध्यमबाट रकम पठाउन यो योजनाले उत्प्रेरकको रूपमा काम गर्ने बताएका छन् । साथै यो योजनाले डिजिटल माध्यमबाट रकम पठाउन सेवाग्राहीलाई प्रेरित गर्ने पनि प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गरेका छन् ।

# नेपाल एसबिआई मर्चेण्टको प्रमुख कार्यकारी अधिकृतमा लेखनाथ पोख्रेल नियुक्त



**काठमाडौं–** २०८० भदौ ३१ गतेका दिन बसेको सञ्चालक समितिको ५५औं बैठकले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा लेखनाथ पोखरेललाई मिति २०८०/०५/३१ गतेदेखि लागू हुने गरी नियुक्त गरेको छ ।

यस अघि निजले नेपाल एसबिआई बैंक लि.को वित्त, लेखा परिक्षण र मधेश प्रदेश कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थियो । बैकिङ्ग तथा वित्तीय क्षेत्रमा १० बर्ष भन्दा बढीको कार्य अनुभव सँगालेका पोख्रेल स्रोत तथा साधनको उच्चतम् परिचालन तथा व्यवस्थापन गर्न सक्ने एक कुशल नेतृत्व हुन् ।

नव-नियुक्त प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोख्रेलको कुशल व्यवस्थापकीय क्षमताले आगामी दिनमा यस क्यापिटलको व्यवसाय विस्तार एवं मर्चेण्ट बैंकिङ्गबाट प्रदान गरिने सेवालाई सर्वोत्कृष्ट बनाउन उल्लेख्य योगदान हुनेछ भन्नेमा यस मर्चेण्ट विश्वस्त रहेको छ ।

नेपाल एसबिआई बैंकको सहायक कम्पनीका रूपमा रहेको यस मर्चेण्टको चुक्ता पूँजी रु २० करोड रहेको छ । मर्चेण्टले नेपाल धितोपत्र बोर्डबाट अनुमतिलिई कोष व्यवस्थापन,लगानी व्यवस्थापन, संस्थागत परामर्श, मर्चेन्ट बैंकिङ्ग लगायतका सेवा प्रदान गर्दै आइरहेको छ ।

# Sparrow SMS अब रिब्रान्डिङ र नयाँ विशेषताका साथमा

**काठमाडौं–** संचारको निरन्तर विकसित प्ररिदृश्यमा, Sparrow SMS एसएमएस सेवा प्रदान गर्दै विगत १३ वर्ष देखि स्थापित कम्पनी हो । सन् २०१० मा जब Sparrow SMS संचालनमा आयो, नेपाल निकै कठिन समयबाट गुज्रिरहेको थियो जसमा दैनिक १४-१८ घण्टा लोडशेडिङ, निरन्तर हडताल तथा नेपाल बन्द जस्ता कार्यक्रमहरुले दैनिक कार्य संचालनमा कठिनाई थियो ।




उक्त समयमा नेपालमा नगण्य रुपमा स्मार्टफोनको उपलब्धता थियो, साथै ईन्टरनेट पनि सीमित र एकदमै महँगो सेवा थियो । जसले गर्दा सजिलै सूचनाको पहुँचबाट धेरै बन्चित थिए । क्उबचचयध क्ःक ले यसै कठिनाईलाई मध्यनजर गरी सूचनामा सजिलो पहुँच पुऱ्याउन क्ःक मार्फत सस्तो र भरपर्दो प्रविधि विकास गरी साना तथा ठूला व्यवसायी, सरकारी र गैरसरकारी निकायलाई सुलभ रुपमा सेवा उपलब्ध गराउँदै आएको छ ।

Sparrow ले वैदेशिक रोजगार विभागसँगको सहकार्यमा सुरु गरेको वैदेशिक रोजगारीमा जानु अघिको श्रम स्वीकृतिको विवरण SMS मार्फत प्रमाणिकरण गर्ने प्रणालीले लाखौँ सोझासाझा वैदेशिक रोजगारीमा जाने कामदारलाई ठगीनबाट रोकेको छ । यो सेवा संचालनको सुरुवाती समयमा नै १० लाखभन्दा बढी विवरणहरु SMS मार्फत प्रमाणिकरण हुन आएको थियो। यस कारण यो प्रविधि Safe Migrationsf लागि क्रान्तिका रुपमा स्थापना भई Sparrow लाई दक्षिण एसियाकै उत्कृष्ट एमबिलियन्थ अवार्ड (mBillionth Award) समेत प्राप्त भएको छ ।

# १६ पालिकामा सन नेपाल लाइफ इन्स्योरेन्सको बीमा जागरण कार्यक्रम

**काठमाडौं–** सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले देशभरका १६ पालिकामा बीमा जागरण तथा जीवन बीमासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले छैटौं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त कार्यक्रम सञ्चालन गरेको हो ।

सबै प्रदेशका गरी १६ पालिकामा अभियान सञ्चालन गरेको कम्पनीले जानकारी दिएको छ । कर्पोरेट कार्यालयद्वारा आयोजित उक्त कार्यक्रम कोशी प्रदेशअन्तर्गत इलामको माईजोगमाई र फाकफोकथुम गाउँपालिका, मधेश प्रदेशअन्तर्गत धनुषाको लक्ष्मीनिया र मुखियापट्टी मुहरनिया गाउँपालिका, पर्साको पर्सौनी र सिरहाको अर्नमा गाउँपालिकामा सम्पन्न गरिएको थियो ।

त्यसैगरी बागमती प्रदेशमा मकवानपुरको थाहा नगरपालिका, गण्डकीमा कास्कीको मादी र तनहुँको ऋषिङ गाउँपालिका, कर्णालीमा दैलेखको गुराँस र सुर्खेतको बराहताल गाउँपालिका, सुदूरपश्चिम प्रदेशमा कैलालीको बर्दगोरिया र कैलारी गाउँपालिकामा कार्यक्रम गरिएको थियो ।

ती कार्यक्रममा स्थानीय तहमा बीमाको पहुँच र चेतना बढाउन स्थानीय पालिका र बीमा कम्पनीबीच समन्वयकारी भूमिकाको विषयमा छलफल भएको छ । स्थानीय सहकारी, विद्यालय तथा सरोकारवालासँग जीवन बीमाको आवश्यकता र फाइदा एवं यसले दिन सक्ने आर्थिक सुरक्षाको प्रत्याभूतिबारे अन्तरक्रिया समेत भएको कम्पनीले जनाएको छ ।

छैटौं वार्षिकोत्सवकै अवसरमा कम्पनीका विभिन्न शाखा कार्यालयबाट सामाजिक उत्तरदायित्व अन्तर्गत ग्रामीण भेगमा रहेका सामुदायिक विद्यालयमा छात्रवृत्ति, स्टेशनरी, खेलकुद सामग्री वितरण गरिएको छ । बालबालिकाको लागि विद्यालयहरुमा आधुनिक पानी फिल्टर जडान गरिएको छ । सो अवधिमा विभिन्न बृद्धाश्रम र गुरुकुलहरुमा खाद्यान्न पनि वितरण गरिएको थियो । त्यसैगरी, स्वास्थ्य संस्थालाई ह्विल चेयर तथा अन्य स्वास्थ्य सेवा सामग्री हस्तान्तरण गरिएको छ ।

मानसिक सन्तुलन गुमाएका बालबालिका रहेको बालगृहमा न्यानो कपडा र मानव सेवा आश्रमका आश्रितलाई खाद्यान्न वितरण गरिएको छ । केही स्थानमा रक्तदान कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।

छैटौं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको दुई साताव्यापी कार्यक्रमअन्तर्गत कम्पनीले आफ्ना अभिकर्ता राजु कर्माचार्यको शब्द, स्वर र संगीत रहेको गीत असोज ६ गते सार्वजनिक गरेको छ । सो अवसरमा कम्पनी स्थापनाकालदेखि कार्यरत कर्मचारी उत्तम अर्याल, सर्वोत्कृष्ट व्यवसाय प्राप्त गर्ने कर्मचारी रामसिंह बस्नेत तथा कम्पनीको तर्फबाट विज्ञताको आधारमा नियमनकारी निकायमा मनोनित भएका कर्मचारी रञ्जु लम्साललाई सम्मान गरिएको छ ।

कम्पनीले यसबीचमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने शेयरधनी, कर्मचारी, बीमित, अभिकर्ता, नियमनकारी निकाय र सम्बन्धित सबै सरोकारवालामा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा थप प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## अर्थ संसार

# महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरूलाई विभिन्न संस्थाका सेवाहरूमा विशेष छुट



**काठमाडौं–** “सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्षदेखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, र होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

# सानिमा बैंकका ग्राहकहरूलाई फ्रन्टलाइन हस्पिटलमा छुटको व्यवस्था




**काठमाडौं–** सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न पूरानो बानेश्वरस्थित फ्रन्टलाइन हस्पिटलमा छुटको व्यवस्था गरेको छ ।

उक्त व्यवस्था अन्तर्गत सानिमा भिसा डेबिट/क्रेडिट कार्ड तथा सानिमा मोबाइल बैंकिङ्ग एप प्रयागकर्ताहरुले डिजिटल माध्यमबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् । सानिमा बैंकका ग्राहकहरुले ओपिडी/आइपिडी तथा बेड सम्बन्धी शुल्कहरुमा १३ प्रतिशत,औषधीको शुल्कहरुमा ७ प्रतिश तर सर्जरी शुल्कमा ५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

बैंकले यसैगरी ग्राहकहरुलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम् प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

# लाभांश पारित गर्न एभरेष्ट बैंकले आह्वान गऱ्यो साधारणसभा

**काठमाडौं–** एभरेष्ट बैंकले प्रस्तावित लाभांश पारित गर्न साधारणसभा आह्वान गरेको छ ।

बैंकले ३० असोजमा काठमाडौंको लैनचौर व्यांक्वेटमा २९औं वार्षिक साधारणसभा आह्वान गरेको हो ।

बैंकको साधारणसभामा सञ्चालक समितिले प्रस्ताव गरेको १० प्रतिशत बोन सेयर र लाभांशमा लाग्ने कर प्रयोजनाको लागि समेत गरी १०.५३ प्रतिशत नगद लाभांश पेस गरी पारित हुनेछ ।

यस्तै सञ्चालक समितिको अध्यक्षको प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात र आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाबसहित सोही अवधिको नगद प्रवाहको विवरण पनि बैंकको साधारणसभाले पारित गर्नेछ ।

यस्तै बैंकको बोनस सेयर जारी पश्चात् पुँजी वृद्धि हुने भएकोले सोही अनुसार प्रबन्धपत्र र नियमावली संशोधन गर्ने तथा संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक नियुक्त भएकाहरुको नियुक्ति अनुमोदन गर्ने जस्ता प्रस्ताव बैंकले साधारणसभामा लैजाने भएको छ ।

बैंकले साधारणसभाको लागि १६ असोजमा सेयरधनी दर्ता किताब बन्द (बुक क्लोज) गर्ने भएको छ । जस अनुसार १५ असोजसम्म कायम सेयरधनीले मात्रै बैंकको लाभांश पाउनेछन् । साथै सोही मितिसम्म कायम सेयरधनी साधारणसभामा सहभागी हुन सक्नेछन् ।

# पूर्वमन्त्री खेमराज भट्टको बिहीबार राति निधन



काठमाडौँ – पूर्व सामान्य प्रशासनमन्त्री खेमराज भट्ट 'मायालु'को बिहीबार राति निधन भएको छ । क्यान्सरबाट ग्रसित उनको काठमाडौंको वीर अस्पतालमा उपचारको क्रममा निधन भएको हो ।

उनका छोरा आकाश भट्टले बिहीबार राति १०:२५ बजे आफ्ना बुबाको निधन भएको पुष्टि गरे । उनको शुक्रबार बिहान पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको छ ।

डडेलधुरामा जन्मिएका भट्ट गणतन्त्रका लागि आवाज उठाउने अग्रणी नेताहरुमध्ये एक हुन् । कांग्रेसको राजनीतिक पृष्ठभूमिबाट आएका भट्ट २०३० सालतिर रामराजाप्रसाद सिंहले जनवादी मोर्चा गठन गर्दा त्यतै लागे ।

सो मोर्चाले गणतन्त्र नेपालको लक्ष्य राखेर २०४२ सालमा नारायणहिटी राजदरबार, सिंहदरबारजस्ता ठाउँमा बम विस्फोट गराएको थियो । उनी त्यसबेला मोर्चाको उपाध्यक्ष थिए । तर पछि फेरि कांग्रेसमै समाहित भएका भट्टले कांग्रेसबाटै चुनाव जितेर मन्त्रीसमेत भए ।

उनी २०५६ सालमा बर्दियाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने ०५८ सालमा गठित शेरबहादुर देउवा नेतृत्वको सरकारमा सामान्य प्रशासनमन्त्री भएका थिए । पछि उनी कांग्रेस छोडेर नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।

# राष्ट्रपति पौडेलद्वारा जानकी मन्दिरमा विशेष पूजापाठ



**धनुषा–** राष्ट्रपति रामचन्द्र पौडेलले असोज ८ गते सोमबार बिहान जानकी मन्दिरमा पूजाअर्चना गरेका छन् । नेपाली सेनाको विशेष विमानबाट सोमबार बिहान साढे ८ जने जनकपुरधाम आइपुगेका राष्ट्रपति पौडेल जानकी मन्दिरमा विशेष पूजापाठ गरेका हुन् । जानकी मन्दिरका महन्त रामतपेश्वर दाससहितका मधेश प्रदेश सरकारले राष्ट्रपति पौडेललाई विशेष स्वागत गरेको छ । करिब आधा घन्टासम्म जानकी मन्दिरमा पूजाअर्चना गरेका राष्ट्रपति पौडेल अहिले मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले आयोजना गरेको विशेष चियापान कार्यक्रममा सहभागी भएका थिए ।

राष्ट्रपति पौडेललाई स्वागत गर्न मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव तथा मधेश प्रदेश सरकारमा भौतिक पूर्वाधारमन्त्री कृष्ण यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंह, उद्योग तथा पर्यटनमन्त्री सुनिता यादव जनकपुर विमानस्थलमा पुगेका थिए । पूजापाठको क्रममा राष्ट्रपति पौडेललाई स्वागत गर्न नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिसहितको सहभागिता रहेको थियो ।

दिउँसो १ बजे राष्ट्रपति पौडेलले नेपाल सरकारको १२ करोडको लगानीमा जनकपुरधाममा निर्मित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक भवनको उद्घाटन गर्ने कार्यक्रम रहेको थियो । भवनमा जनकपुरधाम उपमहानगरपालिकाले राष्ट्रपति पौडेललाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम रहेको थियो ।

# बलात्कार गरेको आरोपमा चार पक्राउ



**सुर्खेत–** सुर्खेतमा १३ वर्षीया बालिका बलात्कारको आरोपमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा तीन जना १८ वर्षभन्दा कम उमेरका रहेका छन् । एक जना १९ वर्षीय पुरुष छन् ।

पक्राउ पर्ने सबै जना पञ्चपुरी नगरपालिकाका रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख योगेन्द्रसिंह थापाका अनुसार सोही ठाउँकी १३ वर्षीया बालिका रहेको जनाइएको छ । बालिका बिहीबार साँझ घर नजिकैको अर्को घरमा गरिएको नाचगान कार्यक्रम हेर्नका लागि गएको स्थानीयले जनाएका छन् ।

त्यस मौकामा चार जनाले फरक-फरक स्थानमा लगेर बलात्कार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पक्राउ परेकाहरू एउटै गाउँमा रहेका छन् । चारै जनाले योजनाबद्ध रूपमा बलात्कार गरेको हुन सक्ने प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरीको भनाइ छ ।

बालिकाको प्रदेश अस्पताल सुर्खेतमा स्वास्थ्य परीक्षण गरिएको छ भने पक्राउ परेका चार जनालाई मुद्दा दर्ता गरेर थप अनुसन्धान गर्ने काम भइरहेको प्रहरी प्रमुख थापाले जानकारी दिनुभयो ।

यस्तै, १३ वर्षीया बालिकालाई अपहरण गरी कांक्रेविहारको जंगलमा लगेर बलात्कार गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । वीरेन्द्रनगरको एक निजी स्कुलमा अध्ययनरत १३ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका -३ पानीखोलाका २५ वर्षीय भक्तिराम कँडेललाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डिएसपी लक्ष्मण शाहीका अनुसार भदौ ३० गते विहान स्कुल जान लागेकी बालिकालाई कँडेलले अपहरण गरेर टेम्पोमा राखेर कांक्रेविहारको जंगलमा लगी बलात्कार गरेको बताउनुभयो ।

'मार्ने धम्की दिएर बलात्कार गरेको देखिन्छ' उहाँले भन्नुभयो, 'हामीकहाँ बालिका आउँदा शरीरका धेरै ठाउँमा चोटपटक लागेको थियो ।' बालिकाको खुट्टा मर्किएको थियो । अन्ततः कंडेल शुक्रबार बेलुका पक्राउ परेपछि एक वर्षअघिको अर्को बलात्कार घटनाको फाइल पनि खुलेको उहाँले बताउनुभयो ।

# खेलकुद

## पदक तालिकामा चीनको सुरूवातमै अग्रता

१९औं एशियाली खेलकुदको पछिल्लो पदक तालिकामा आयोजक चीनले अग्रता लिएको छ । पछिल्लो अपडेटअनुसार उसले ३० स्वर्ण १२ रजत र ५ कांस्य पदक जितेको छ ।

दोस्रो स्थानमा रहेको दक्षिण कोरियाले ६ स्वर्ण ७ रजत र ७कांस्य पदक जितेको छ । यस्तै जापानले ३ स्वर्ण १० रजत र ७कांस्य पदक आफ्नो नाममा लेखाइसकेको छ ।

हङकङले २ स्वर्ण र ५ कांस्य पदक आफ्नो पक्षमा पार्दा उज्वेकिस्तानले १ स्वर्ण ३ रजत र ३ कांस्य पदक जितेको छ । यस्तै चाइनिज ताईपेईले १ स्वर्ण १ रजत र २ कांस्य पदक हात पारेको छ ।

भारतले ३ रजत र २ कांस्य पदक जित्दा इण्डोनेसियाले १ रजत र ३ कांस्य तथा मंगोलियाले १ रजत र २ कांस्य पदक जितेका छन् ।

इरान, कताकस्तान र युएईले समान १ रजत र १ कांस्य पदक जितेका छन् । ब्रुनाईले १ रजत आफ्नो पक्षमा पार्दा भियतनामले २ कांस्य पदक जितेको छ । मकाउ, फिलिपिन्स, उत्तर कोरिया र थाईल्याण्डले एक-एक कांस्य पदक जितेका छन् ।

## बक्सिङमा रबिन थापा विजयी



**हाङझाओ–** चीनमा जारी १९औं एसियाली खेलकुदमा नेपाली मुक्केबाज रबिन थापा विजयी भएका छन् ।

सोमबार चीनमा जारी १९ औं एसियाली खेलकुदको तेस्रो दिन हाङजाओस्थित एचजेड जिम्नेजियममा भएको पुरुष ५१ केजी तौल समूहको भिडन्तमा नेपालका रबिन थापाले इन्डोनेसियाका मुक्केबाज डियो कोइबानुलाई ४-१ अंकले पराजित गरेका हुन् । यो जितपछि रविनले अन्तिम १६ मा स्थान पक्का गरेका छन् ।

सोमबार नै हुने अन्य खेलमा विनिता थापा मगरले महिला ६०-६६ केजी तौल समूहको अन्तिम १६ मा चाइनिज ताइपेइकी चिन चेनको सामना गर्नेछिन् । यसैगरी पुरुष ६५.५-७१ तौलसमूहको अन्तिम ३२ मा दिपेश लामाले भारतका निशान्त देवसँग प्रतिस्पर्धा गर्नेछन् ।

## बास्केटबलमा नेपाल जापानसँग पराजित

**हान्झाउ–** १९औं एसियाड अन्तर्गत महिला थ्री बाइ थ्री बास्केटबलमा नेपाल पराजित भएको छ ।

समूह बी अन्तर्गत देकिङ जिओग्राफिक इन्फरमेसन पार्क बास्केटबल कोर्टमा सोमबार दिउँसो भएको खेलमा नेपाल जापानसँग २२-४ ले पराजित भएको हो ।

नेपालको लागि गरिसा सिलवालले र मिना गुरुङले २-२ अंक स्कोर गरिन् ।




एसियन गेम्सको वरीयतामा जापान दोस्रो वरीयतामा थियो भने नेपाल १५औं वरीयतामा थियो ।जापानको लागि मायु लुसी कुबोताले सर्वाधिक १२ अंक स्कोर गरिन् ।

नेपाली महिला टोलीले एसियाडमा लगातार तेस्रो पटक बास्केटबलमा सहभागिता जनाएको हो भने थ्री बाइ थ्री मा लगातार दोस्रो पटक खेलेको हो ।

श्रेया खड्काको कप्तानीमा रहेको नेपाली टोलीमा गरिसा सिलवाल, मिना गुरुङ र रिन्छेन मोक्तान छन् ।

## गुल्मीमा असोज १० देखि १३ गतेसम्म पुल्चोक कप हुने

गुल्मी- गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा यही असोज १० देखि १३ गतेसम्म पुल्चोक कप छात्रा फुटबल सञ्चालन हुने भएको छ ।

पुल्चोक स्पोर्टस क्लबले सोमबार पत्रकार सम्मेलन विद्यालयस्तरीय छात्रा फुटबल प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो ।

क्लबका उपाध्यक्ष सन्तोष न्यौपानेले प्रतियोगितामा कक्षा १० सम्ममा छात्रा सहभागी हुन पाउने बताए ।

पत्रकार सम्मेलनमा क्लबले शिल्ड सार्वजनिक गरेको छ । रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृतादेवी कुँवरले पुल्चोक कप-२०८० को शिल्ड सार्वजनिक गरेकी हुन् ।

वर्ष -१६, अंक- १०, २०८० साल असोज ९ गते मंगलबार (Sep 26, 2023)

**शिक्षकको आन्दोल...**
पृष्ठ १ बाट जारी

यो समस्या आउन सक्छ भनेर नीति बनाउने वेलामा शिक्षा नीति बनाउने विज्ञहरुले शिक्षा नीतिमा प्रष्ट पार्नुपर्‍थ्यो । क्रीयाशिल राजनीतिमा लागेको व्याक्ति शिक्षक हुन नसक्ने र शिक्षक भएर कतै कुनै राजनीतिक पार्टीको पक्ष बिपक्षमा लागेको पाएमा स्वत उसको जागिर खारेज हुने नीति पहिला नै बनाएको भए सायद यो समस्या आउदैन थियो ।

शैक्षिक क्षेत्रमा देखिएका नीति देखि वेतिथिको चाङ बढ्दो छ । भने देशको अवस्था झनै जर्रजर छ । यदि बिकल्प हुन्थ्यो भने यस्ता खालका आन्दोलन सायद देशमा हुदैनथ्यो होला ।

शिक्षक आयोगले लिएका परिक्षामा पास भएकाले मात्र जागिर खान्थे नभएकाले सुनिश्चित नभएको जागिर खान को लालयित हुन्थ्यो । अर्को व्यवसाय गरेर वा अन्य काम गरेर बाच्थे होलान् । यसमा राजनीतिक प्रणली समेत यसको जिम्मेवार देखिन्छ । रोजगार गर्ने उद्योग बन्द गर्ने, युवाहरुलाई विदेश पलायन गराउने, देशमा उद्योग कलकारखाना स्थापनामा ध्यान नदिने जस्ता समस्या देशमाछन् ।

हुनत सरकारले स्थाई शिक्षकका माग सम्बोधन हुनेगरी ६ बुदे सहमति गरेको छ । तर राहात शिक्षक, बाल शिक्षक, करारको हकमा मागहरु सम्बोधन हुन नकसकेको कारण आन्दोरतछन् । आफ्नो जीविकोपार्जन गर्न राज्यले नै आवहान गरेको फर्म भरेर नियुक्ति भएका शिक्षक करार सम्झौता सकिएपछि नविकरण नगर्दा स्वत रोजगार मुक्त हुन्छन् । तर राजनीतिक पार्टीका सरक्षणमा बषौदेखि कुनै कुनैत २० बर्षसम्म यसरी नै जागिर खादै आएकाछन् । यसपटक भने माओवादी पार्टीको नेतृत्व सररकारमा भएको वेला काँग्रेस, एमाले पार्टी सम्बध शिक्षकहरुलाई विदा गरेर माओवादी र उपेन्द्र यादव-अशोक राईको पार्टी सम्बन्ध शिक्षकहरुलाई रोजगारमा निश्चित गर्न लागेको आरोप केही शिक्षकहरुले लगाएका छन् । यो काम हिजो काँग्रेस, एमालेले गरेको पनि गलत थियो । आज माओवादी र लोसपाले गरेको काम पनि गलत हो । यस्ता राजनीतिक शक्तिको आडमा गरिने नियुक्तिले शिक्षा क्षेत्रलाई अल्मलाउन त सक्छ । तर गुणस्तर दिन सक्दैन ।

नेपालको राजनीतिक पनि गफ लगाउन सक्छ । नीति कागजमा लेख्न सक्छ । तर व्यवहारमा उतार्न सक्दैन । त्यसैको उपज यस्तै यस्तै शैक्षिक आन्दोन देखि अनेक खालका आन्दोलन देशले देख्नुपर्छ । भोग्नुपर्छ । यस्ता समस्या आउनु भनेको नेपाल देश र नेपाली समुदायको लागि नै निक्कै दुख लाग्दो बिषय हो । अझैपनि पट्टी खोल्दैनौ कि सराकार निकायहरु ?

# पूर्वमन्त्री रामकुमार श्रेष्ठ भ्रष्टाचार मुद्दामा दोषी ठहर

**काठमाडौँ–** पूर्व सचिव एवं पूर्वमन्त्री रामकुमार श्रेष्ठ भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । पूर्वमन्त्री श्रेष्ठ अकुत सम्पत्ति आर्जन गरेको मुद्दामा दोषी ठहर भएका हुन् ।

डेढ वर्षअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको भ्रष्टाचार मुद्दामा सोमबार विशेष अदालतले पूर्वमन्त्री श्रेष्ठलाई दोषी ठहर गरेको हो । सोमबार विशेष अदालतका न्यायाधीशद्वय यमुना भट्टराई र खुशीप्रसाद थारूको इजलासले पूर्वमन्त्री श्रेष्ठलाई दोषी ठहर गरेको हो ।

विशेष अदालतका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार अदालतले श्रेष्ठलाई ६ महिना कैद र ९८ लाख २९ हजार ५ सय ३७ रुपैयाँ जरिवाना र त्यति नै बराबरको बिगो जफत गर्न आदेश दिएको छ ।

दोस्रो संविधानसभा निर्वाचन गराउन गठित खिलराज रेग्मी नेतृत्वको चुनावी सरकारमा मन्त्री रहेका श्रेष्ठविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७८ फागुन १५ मा ४ करोड ४५ लाख २७ हजार ६ सय ६६ रुपैयाँ बिगो, त्यति नै जरिवाना, भ्रष्टाचारबाट आर्जित सम्पत्तिले बढे/बढाइएको चलअचल सम्पत्ति जफत र कैद सजाय मागदाबीसहित विशेषमा मुद्दा दायर गरेको थियो । मुद्दा दायर भएको करिब डेढ वर्षमा सोमबार उनी दोषी ठहर भएका हुन् ।

श्रेष्ठ दोस्रो संविधानसभा निर्वाचन गराउन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा २०६९ चैत १ मा गठित सरकारका शान्ति तथा पुनर्निर्माण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र युवा तथा खेलकुदमन्त्री रहेका थिए । उनी शान्तिमन्त्री हुँदै शान्ति तथा पुनर्निर्माण कोषको रकम अनियमितता गरेको आरोप लागेको थियो । तर, अनुसन्धान अभावमा उनीमाथिको कसुर छानबिनमै परेको थिएन ।

अख्तियारका अनुसार श्रेष्ठले भ्रष्टाचार गरेर जोडेको सम्पत्ति घरजग्गा खरिद, चलचित्र उद्योग, खनिज उद्योग, सेयर कारोबारलगायतमा लगानी गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

अख्तियारले करिब ६ वर्ष लामो अनुसन्धान क्रममा श्रेष्ठसँग ११ करोड ३५ लाख ४४ हजार २ सय ९४ रुपैयाँ बराबरको चल-अचल सम्पत्ति भेटिएकामा ६ करोड ९० लाख १६ हजार ६ सय २७ रुपैयाँ बराबरको मात्रै स्रोत खुलेको थियो ।

मन्त्रीबाट बाहिरिएको दुई वर्षपछि २०७२ मंसिर १६ मा श्रेष्ठविरुद्ध अख्तियारमा उजुरी परेको थियो । उजुरीको करिब ६ वर्षपछि उनीविरुद्ध मुद्दा दायर भएको थियो।

२०२६ चैतदेखि २०३५ कात्तिकसम्म गोरखाको आरुघाटस्थित भीमोदय माविका शिक्षक रहेका उनी २०३६ कात्तिक २६ मा शाखा अधिकृतका रूपमा निजामती सेवामा प्रवेश गरेका थिए । २०६४ माघ ८ मा सचिवबाट अवकाश पाएका उनी करिब २८ वर्ष निजामती सेवामा रहे । अवकाशको करिब ६ वर्षपछि २०६९ चैत ६ देखि २०७० माघ २९ सम्म करिब एक वर्ष मन्त्री बनेका थिए ।

निजामती सेवा प्रवेश गरेको ३ वर्षपछि २०३९ सालबाट जग्गाजमिन खरिद, सेयर किनबेच, नातेदार तथा आफन्तका नाममा उद्योग सञ्चालनलगायतमा उनको संलग्नता देखिएको छ । २०३९ फागुन ११ मा सामाखुसीमा १२ आना ३ पैसा जग्गा खरिद गरेका श्रेष्ठले २०७२ सम्म आइपुग्दा दुई दर्जनभन्दा बढी ठाउँमा करोडौं मूल्य बराबरको जग्गा किनेको अभियोग थियो ।

# द्रुत बसले सेवा दिन थाल्यो



भक्तपुरको सूर्य विनायकदेखि रत्नपार्कसम्म पुग्ने द्रुत बस सेवा सुरु भएको छ ।

संविधान दिवसको अवसर पारेर भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले द्रुत बस सेवाको उद्घाटन गरे पनि हिजोदेखि सर्वसाधारणका लागि सेवा दिन सुरु गरेको हो ।

बिहान ९ बजेदेखि ११ बजेसम्म र साँझ ४ देखि ६ बजेसम्म गरी दुई सिफ्टमा बसहरू चल्नेछन ।

यो सेवाको बस सञ्चालनका लागि सूर्य विनायक देखि रत्नपार्कसम्म छुट्टै लेन रातो रङले छुट्टाइएको छ । ट्राफिकको रातो बत्तीमा पनि यो बस रोकिँदैनन् । एम्बुलेन्स तथा अत्यावश्यक सवारी साधन जसरी नै गुड्न पाउँछन् । कतै जाममा परिहालेको खण्डमा एम्बुलेन्स जसरी दायाँबायाँ मोडिएर गुड्न पाउँछन् ।

यस समयमा यी बस गुड्ने डेडिकेटेड लेनमा अन्य सवारी साधन चलाउन निषेध गरिएको छ । यद्यपि अत्यावश्यक सेवाका एम्बुलेन्स, शव वाहन, दमकल, कर्मचारी बोक्ने बसहरू भने उक्त लेनमा चलाउन पाइने छ ।

त्यसो हुँदा द्रुत बस सूर्य विनायकदेखि रत्नपार्क ४५ मिनेटमा पुगिने अनुमान गरिएको छ ।

# नागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति छैन : कांग्रेस

**काठमाडौँ–** प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले सरकारले नागरिकलाई प्रत्याभूति गराउन नसकेको आरोप लगाएको छ । गत बिहीबारदेखि सोमबारसम्म बसेको केन्द्रीय



कार्यसमिति बैठकमा सदस्यहरुले पार्टी संलग्न सरकार भए पनि सरकारका गृहमन्त्रीले आफ्नो पार्टीलाई छोडेर अन्य दलका नेताहरुलाई मात्रै कारबाही गर्ने गरी मुद्दा चलाएको, गृह प्रशासनकै कर्मचारीले कांग्रेसका नेता र सांसदहरुमाथि दुव्यर्वहार गरेको लगायत टिप्पणी गर्दै प्रश्न उठाएका थिए ।

गठबन्धन सरकारमा भए पनि गृहमन्त्रीको भूमिकामा सशंकित देखिएको कांग्रेसले बैठकबाट सरकारले नागरिकमा सुरक्षा प्रत्याभूति गराउन नसकेको निर्णय गरेको हो । मुख्यसचिव कृष्णप्रसाद पौडेलले पार्टीले सरकारले नागरिकलाई सुरक्षाको प्रत्याभूति गराउन नसकेको निर्णय गरिएको जानकारी दिए ।

कांग्रेसले पार्टीका सह-महामन्त्री महेन्द्र यादवमाथि काठमाडौंको मुटु भृकुटीमण्डपमा प्रहरीको पहुँचमै रहेको सार्वजनिक कार्यक्रमस्थलमै दिन दहाडै खुकुरी प्रहार गरी सांघातिक आक्रमणबाट सख्त घाइते बनाइनु, तीनकुनेमा कारखानामा सुतिरहेको अवस्थामा एक्कासी चार चार जनाको ज्यान लिने गरी आक्रमण हुनु लगायतका दर्जनौं घटनाहरुप्रति चिन्ता व्यक्त गर्दै त्यसले पनि सरकारले आम नागरिकमा सुरक्षाको प्रत्याभूति गराउन नसकेको दाबी गरेको हो ।

'नागरिकको शान्ति सुरक्षाको जिम्मा मूलतः सरकारको हो । यी घटनाहरुले वर्तमान शान्ति सुरक्षाको अवस्थालाई उजागर गरेका छन् भने नागरिकमा असुरक्षाको महसुस गराएको छ,' कांग्रेसले निर्णयमा लेखेको छ, 'छोटो समयमा देशभर घटेका शान्ति सरक्षाको क्षेत्रमा सरकारलाई नै चूनौती दिने यी घटनाहरुको गहिरो छानबिन र प्रभावकारी अनुसन्धान गरी दोषीलाई अविलम्ब कानुनी कारबाहीको दायरामा ल्याउन र नागरिकहरुमा सुरक्षाको अनुभूति दिलाउन बैठक सरकारसँग माग गर्दछ ।'

# नेपाल र चीनबीच १३ बुँदे समझदारी पत्रमा हस्ताक्षर



**काठमाडा–** नेपाल र चीनबीच १३ बुँदे समझदारी पत्रमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र चिनियाँ समकक्षी ली छ्याङबीचको उपस्थितिमा नेपाल र चीनका अधिकारीहरुले १२ वटा सम्झौता र एउटा समझदारी पत्र आदान प्रदान गरेका छन् ।

यी सम्झौता र समझदारी पत्र कृषि, सञ्चार, विज्ञान तथा प्रविधि, व्यापारसँग सम्बन्धित छन् । चीनको राष्ट्रिय विकास तथा अनुसन्धान परिषद र नेपालको राष्ट्रिय योजना आयोगबीच पनि सम्झौता पत्रमा हस्ताक्षर भएका छन् ।

# अन्तराष्ट्रिय समाचार

## भारतको वायु सेनामा सी–२९५ विमान सामेल

**नयाँ दिल्ली–** भारतीय वायु सेनाले सोमबार पहिलो सी-२९५ विमान समावेश गरेको छ । रक्षामन्त्री राजनाथ सिंहको उपस्थितिमा हिंड्न वायु सेना स्टेसनमा एक समारोहको आयोजना गरेर यस विमानलाई औपचारिक रूपमा वायु सेनामा सामेल गरिएको हो ।




केन्द्रीय राज्य मन्त्री जनरल भीके सिंहले भारतीय वायु सेनाका लागि यो ठुलो काम भएको बताए । सी-२९५ समसामयिक प्रविधियुक्त ५ देखि १० टन क्षमता भएको परिवाहन विमान हो ।

यसले कुनै पनि मिसन पूरा गर्न सक्ने सेनाको भनाई छ । यो विमानलाई ११ घण्टाको उडान क्षमतासहित कुनै पनि मौसममा सञ्चालित गर्न सकिनेछ । यसलाई मरुभूमिदेखि समुद्री वातावरणसम्ममा दिन र रात दुवै समयमा युद्ध अभियानमा प्रयोग गर्न सकिने उल्लेख छ । यो विमानले सेनालाई एक ठाउँदेखि अर्को ठाउँमा लैजान र कार्गोको रूपमा काम गर्न सक्छ । *एजेन्सी*

## फ्रान्सले २०२३ को अन्त्यमा नाइजर बाट सैन्य उपस्थिति हटाउने




**पेरिस–** फ्रास्नले नाइजरमा सन् २०२३ को अन्त्यसम्ममा आफ्नो सैन्य उपस्थिति हटाउने भएको छ । सेनाले नाइजरको सत्ता कब्जा गरेपछि दुई देशबीच तनाव बढेसँगै राष्ट्रपति इमानुएल म्याक्रोँले आइतबार यस्तो घोषणा गरेका हुन् ।

‘हामीले नाइजरसँग हाम्रो सैन्य सहकार्य अन्त्य गर्दैछौँ किनभने अब उनीहरू आतंकवादीहरुसँग लड्न चाहँदैनन्,’ उत्तर-पश्चिमी अफ्रिकी राष्ट्रको सैन्य नेतृत्वबारे टिप्पणी गर्दै म्याक्रोँले भने । फ्रान्सले अहिलेसम्म सेनाको नेतृत्वलाई मान्यता दिएको छैन । उसले राष्ट्रपति मोहम्म बाजुमलाई कू गरेर हटाइएको बताउँदै आएको छ ।

आफूहरू त्यहाँ आन्तरिक राजनीतिसँग जुध्न त्यहाँ नगएका कारण सहकार्य अन्त्य गर्ने निर्णय गरिएको उनले बताए । आगामी दिनहरूमा फ्रान्सको सेना फर्कन सुरु गर्ने म्याक्रोँले जानकारी दिए ।

नाइजरको सैन्य नेतृत्वले फ्रान्सको निर्णयको स्वागत गरेको छ । सेनाले आफ्नो देशमा साम्राज्यवादी शक्ति र उप-निवेशवादीहरुलाई स्वागत नभएको पनि स्पष्ट पारेको छ । *एजेन्सी*

## अजरबैजान र अर्मिनियाबीच फेरी युद्ध चर्कियो



अजरबैजान र अर्मिनियाबीचको युद्ध फेरी चर्केको छ। अजरबैजानका सेनाले अर्मिनियामा गोलाबारी जारी राख्नुका साथै ग्रिनेड समेत प्रहार गरेको छ । युद्धका कारण हजारौ नागरिक पलायन भएका छन् ।

गत सातादेखि फेरी सुरु भएको युद्धको मारमा पिल्सिएका अर्मिनियाका हजारौं नागरिक पलायन भएका हुन् । अजरबैजानले अर्मिनियाका अधिकांश भूभागलाई आफूतिर पार्न गरेको संघर्ष केही समय मत्थर भएकोमा अजरबैजानले फेरी आक्रमण सुरु गरेको हो । जसका कारण अर्मिनियाको जनजीवन अस्तव्यस्त बनेको छ ।

नागरिहरु त्रासमा जिन्दगी बिताउन बाध्य छन्। गत केही दिन अघि भएको आक्रमणमा अर्मिनिया तर्फ कम्तिमा ३२ जनाको मृत्यु भएको थियो भने घाइतेहरुको अवस्था गम्भीर रहेको छ । अर्मिनियाका अधिकांश भौतिक संरचनाहरु नष्ट भएका छन् ।

अजरबैजानले अर्मिनिया नियन्त्रित काराबाखको सैनिक मुख्यालयमा लगातार रुपमा बम हमला गरिरहेको समाचारमा उल्लेख छ ।

# २०८० सालको भैरव पुरस्कार मुन, अभि र बद्रीलाइ



**काठमाडौं–** नेपाली साहित्यका विराट प्रतिभा भैरव अर्यालको स्मृतिमा स्थापित विभिन्न तीन पुरस्कार प्राप्तकर्ताहरूको नाम भैरव पुरस्कार गुठीले मंगलवार सार्वजनिक गरेको छ। भैरव पुरस्कार गुठीका अध्यक्ष वरिष्ठ साहित्यकार रोचक घिमिरेको अध्यक्षतामा सम्पन्न बैठकले पुरस्कार प्राप्तकर्ताहरूको नाम अनुमोदन गरेको हो ।

जसअनुसार २०८० सालको भैरव पुरस्कार वरिष्ठ हास्यव्यङ्ग्यकार मुन पौडेललाई प्रदान गरिने भएको छ । यो पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपैया रहेको छ। १ लाख १ हजार १ सय ११ रुपैया राशीको भैरव वाङ्मय पुरस्कार प्राध्यापक डाक्टर अभि सुवेदीलाई प्रदान गरिने गुठीले जनाएको छ। त्यस्तै ५१ हजार १ सय ११ रुपैया राशीको भैरव प्रतिभा पुरस्कार व्यङ्ग्यकार बद्रीप्रसाद दाहाल (भस्मासुर) लाई प्रदान गरिने भएको छ ।

पुरस्कार प्राप्तकर्ताहरूको नाम छनौट गर्न गुठीले साहित्यकार नरेन्द्रराज पौडेलको संयोजकत्वमा साहित्यकारद्धय बाजुराम पौडेल र वसन्त रिजाल सदस्य रहनु भएको चयन समिति गठन गरेको थियो ।

भैरव स्मृति दिवसको दिन यही असोज १९ गते शुक्रवार राजधानीको गोकर्णेश्वर-५ स्थित भैरव स्मृति भवनमा एक कार्यक्रम गरी घोषित पुरस्कारहरू वितरण गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिनुभयो । रिजालका अनुसार गुठीको साधारण सभा पनि सोही दिन हुनेछ।

# नारायण रायमाझी निर्देशित फिल्म 'परदेशी-२' को नयाँ गीत सार्वजनिक



**काठमाडौं–** नारायण रायमाझी निर्देशित फिल्म 'परदेशी-२'को नयाँ गीत सार्वजनिक भएको छ। बडादशैंको अवसरमा असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको 'हिजो काम' बोलको गीत सार्वजनिक गरिएको हो ।

बुधवार बिहान सार्वजनिक गीतले परदेशीको पीडा र वेदना प्रस्तुत गर्छ। सतिश चापागाइले लेखेको गीतमा प्रशान्त तामाङले स्वर दिएका छन् । बीबी अनुरागीको संगीत र एरेन्ज रहेको गीतलाई श्याम श्वेत रसाईलीले मिक्सिङ गरेका हुन् । गीतमा प्रकाश सपुत र दिलिप रायमाझी, रमा थपलिया फिचर्ड छन् ।

नारायण इन्टरनेसनलको प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझीको संयुक्त निर्माण रहेको 'परदेशी-२ 'मा प्रकाश र दीलिपसँगै प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटी, नीर शाह, रमा थपलिया, सबिन बास्तोता, देवेन्द्र बब्लु लगायतको अभिनय छ । रमेश बिजीको लेखन रहेको फिल्मले उच्च शिक्षाका लागि विदेशिने विद्यार्थीको कथा पेस गर्छ। अध्ययनसँगै अन्य कारणले विदेशिएकाको कथा-व्यथालाई समेत चलचित्रमा समेटिएको छ ।

# एक्सन स्टार नेपालको अडिसन ५ गते बाट सुरू

**काठमाडौं–** नेपालभित्र रहेका अनेक प्रतिभालाई एकै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यसहित नेपाल बक्स अफिसले आयोजना गरेको एक्सन स्टार नेपालको अडिसन असोज ५ गते बाट सुरु भएको छ । आयोजक नेपाल बक्स अफिसले शोमा भाग लिन चाहने प्रतिभाशाली कलाकारले डिजिटल अडिसनमार्फत सहभागिता जनाउन सक्ने बताएको छ ।




यो शोको निर्णायकको रुपमा प्रेम शर्मा पौडेल, उतम केसी, सोनिका बास्तोला, जगत रेग्मी छन् ।

अडिसनमा सहभागी हुन चाहने प्रतियोगीले ३ मिनेटेखि ५ मिनेटसम्मको भिडियो बनाई ९८०११६४३७५ whatsapp नम्बरमा पठाउनुपर्नेछ । अडिसन असोज १७ सम्म खुल्ला रहने छ । सबै प्रतिभाको एउटै मञ्च रहेकाले यो शोमा कलाकारले अभिनय, कमेडीमा प्रतियोगिले आफ्नो प्रस्तुती दिन सक्ने शोका प्रोग्राम कोर्डीनेटर रामचन्द्र शाहाले बताउनु भएको छ ।

# पुस २७ गतेदेखि "देव वाणी " फिल्म प्रदर्शनमा आउने

**काठमाडौं–** बाबु साहेब बलामी निर्देशित फिल्म देव वाणी को प्रदर्शन मिति तय गरिएको छ। बिहीबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति तय गरिएको हो। यो फिल्म पुस २७ गतेदेखि प्रदर्शन हुनेछ।


सार्वजनिक दुई पोस्टरमध्ये एक पोस्टरमा अभिनेता सुनिल थापा, कुन्दन भारद्वाज र अनुजा लेप्चालाई स्थान दिइएको छ । दोस्रो पोस्टरमा अभिनेता भारद्वाजलाई प्रस्तुत गरिएको छ । फिल्ममा सुनिल, कुन्दन र अनुजासँगै ध्रुव कोइराला, घनश्याम गिरी, रविन्द्र झा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, काजोल राघवाणी, लक्ष्मीनाथ तिमल्सिना लगायत कलाकारको अभिनय छ। सिमरा, वीरगन्ज र काठमाडौंमा फिल्मको छायांकन गरिएको हो ।

निर्देशक बलामीले फिल्म नेपाली र हिन्दी भाषामा निर्माण भइरहेको जानकारी दिए। फिल्मलाई नेपाल रिलिजकै दिन भारतका हलमा पनि प्रदर्शन गर्ने योजना निर्माण टिमको छ । मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टले निर्माणमा सहकार्य गरेको फिल्मको कथा निराजन मेहता मन्जिलले लेखेका हुन्। हरिबहादुर घलेले छायांकन गरेको फिल्मलाई बन्दे प्रसादले सम्पादन गर्नेछन् ।




श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहने फिल्मको प्रस्तुतकर्तामा मौसम पौडेल छन्। मिना खड्का र हिराबहादुर लेप्चा निर्माता रहेको फिल्मका कार्यकारी निर्माता महेन्द्र यादव र अपार गुरुङ हुन् । फिल्ममा तेञ्जु योञ्जनको कोरियोग्राफी र तर्कराज न्यौपानेको मुख्य सहायक निर्देशन रहेको छ। फिल्मलाई सुनिल मानन्धरको श्रीराम बालाजी फिल्म्सले वितरण गर्दैछ ।

# 'नाङ्गो गाउँ'मा असल नेतृत्वको खोजी



**काठमाडौं** – अहिले नेपाली फिल्ममा असल नेतृत्वको खोजी भइरहेको छ । पछिल्ला र प्रदर्शनको तयारीमा रहेका केही फिल्मकै कथासार सुन्दा थाहा हुन्छ; विद्यमान समाजको बेतिथि र पूराना प्रवृतिमा अल्झिरहेको शासक हटाउन सक्ने नेतृत्वको परिकल्पना फिल्मकर्मीले गरिर हेछन् ।

यी फिल्मका अधिकांश पृष्ठभूमि राजनीतिको जगमा उभिएको छ । कथाले एउटा यस्तो नेतृत्व खोज्छ, जसले देशको राजनीतिक/आर्थिक मुहार बदल्दै चरम सामाजिक निराशामा रहेका नेपालीको अनुहारमा उज्यालो छरिदियोस्। नेपाली फिल्मले किन यस्तो नेतृत्व खोजिरहेछ ?

परम्परागत नेतृत्वको व्यापक आलोचनाका बीच बढ्दो महंगी, भ्रष्टाचार, धरासायी बन्दै गएको अर्थतन्त्रले समाजलाई निराशातर्फ धकेल्दैछ । भविष्यको खोजीमा लाखौं युवा विदेशिँदैछन् । यस्तो निराशाको विकल्प खोज्नसक्ने नयाँ राजनीतिक अगुवाको परिकल्पना फिल्महरूमा देखिँदैछन् । पछिल्लो समय राजनीतिमा समाजले खोज्दै गरेको नायक फिल्मको मुख्य मुद्दा बन्न थालेका छन् ।

फिल्म समीक्षक हुँदै निर्देशनमा होमिएका दीपेन्द्र लामाको फिल्म 'नाङ्गो गाउँ'ले पनि यस्तै नेतृत्व कल्पना गरेको छ। चुनावमा जरी लामा(शिशिर बाङ्देल) विरुद्ध सरकारी विद्यालयका शिक्षक पासाङ(दयाहाङ राई)लाई उठाउँदै बेथानचोकका गाउँलेले यस्तै राजनीतिक अगुवाको चाहना गरिरहेका छन्। गणित विषय पढाउने शिक्षक पासाङ पेशाप्रति इमान्दार छन्, परिवारप्रति जिम्मेवार । परिवर्तन आफैंबाट सुरु गर्नुपर्ने मान्यता राख्ने उनी शिक्षण पेशामाथिको राजनीतिकरणको विरोधमा उत्रन्छन् । वर्षौंदेखि गाउँमा शासन गर्दै आइरहेका जरीमा भने शासकीय प्रवृति हावी छ । गाउँपालिकाको अध्यक्ष पदलाई परिवारको पेवा ठान्छन् उनी । विद्यालयमा राजनीतिक नियुक्तिबाट कार्यकर्ता भर्ती गराउँछन् । गाउँमा आफूअनुकुल सडक बनाए, गाउँलाई थोत्रो एम्बुलेन्स किनिदिए । जरीको यही प्रवृतिसँग दिक्क भएका गाउँलेले नै पासाङलाई चुनावमा उठाएका हुन्। जरी चुनावको एउटा सर्त राख्छन्, 'हार बेहोर्नेले मतगणना स्थलबाट नाङ्गै घर जानुपर्ने ! हारको यो नौलो अभ्यास यी दुईमा कसले अनुशरण गर्ला ? फिल्म यही विषय वरपर घुमेको छ।

प्रदर्शनरत यो फिल्मले नेपाली समाजको यथार्थ चित्रित गर्छ । जहाँ परम्परागत शक्तिप्रति जनआक्रोश, आसा र चरम निरासाबीच राजनीतिक नायक पर्खिरहेको समकालीन नेपाली समाजको चित्र उतारिएको छ । सरकार सञ्जालनको पर्खाइमा रहेका राजनीतिक नायक । शिक्षामा भइरहेको राजनीतिकरणदेखि चुनावमा हुने खिचातानीको संघर्ष 'नाङ्गो गाउँ'मा नेपाली समाज दुरुस्तै झल्किन्छ ।

'नाङ्गो गाउँ'को कथा खासै नौलो भने होइन । तर, निर्देशकले कथालाई जसरी प्रस्तुत गरे, त्यसमा दीपेन्द्रको इमान्दारिता देखिन्छ । फिल्ममार्फत भन्न खोजेका कुरालाई निर्देशकले प्रष्टसँग भनेका छन्। 'नाङ्गो गाउँ'को कथा भन्ने क्रममा उनी दायाँबायाँ कतै बहकिएका छैनन् । फिल्मको कथा सलल बगेको छ। कसिलो पटकथा र पेचिलो संवादले दर्शकलाई फिल्ममा बाँधेर राख्छ । कथासँग जोडिन आउने उप-कथाहरुलाई निर्देशक लामाले मूल कथासँग समिश्रण गर्दै लेखेका छन् । फिल्मको पहिलो दृश्यबाटै पासाङ पात्रले आफ्नो उद्देश्य प्राप्तिका लागि संघर्ष गर्दै जानुपर्ने हुन्छ। द्वन्द्व निर्माण, पात्रहरुको स्थापना र अवतरणमा लेखकसमेत रहेका लामाले ध्यान पुऱ्याएको देखिन्छ । रबिना(साम्राज्ञी राज्यलक्ष्मी शाह) र शंकर(कर्मा)को प्रेमले कथामा मनोरञ्जन तत्त्वमा काम गर्छ। रवीन्द्र झाको चरित्रमार्फत मधेसीलाई हेर्ने दृष्टिकोणप्रतिक व्यंग्य गरिएको छ । नेपाली फिल्मले मधेसी चरित्र चित्रणमा दोहोऱ्याउँदै आएको विषयलाई फिल्मले पच्छ्याउँदैन। यो फिल्म संवादका पक्षमा सबल छ । संवादलाई चोटिला र साहित्यिक बनाउने प्रयास भएको छैन । पन्चलाइन दिनकै लागि संवाद राखिएका छैनन् । बोलीचालीकै संवाद प्रयोग गरिएको छ, यसले लेखकको कौशल देखाउँछ।

क्लाइमेक्स दृश्यलाई भने अझै मजबुत लेख्न सकिन्थ्यो। कथाको गति अनुसार क्लाइमेक्स लेखन त्यति मज्जाले लेख्न सकिएको छैन। क्लाइमेक्सलाई फिस्स छोडिएको भान हुन्छ । तर, त्यसबीच आउने ट्विस्टले भने सन्तुलन जोगाइदिन्छ । क्लाइमेक्स सजिलै अनुमान गर्न सकिने किसिमको पनि छैन। क्लाइमेक्स दृश्यमा जति तनाव सिर्जना हुनुपर्ने हो त्यति नहुँदा दर्शकले त्यहाँ त्यति मज्जा उठाउन पाउँदैनन्। चरित्र अवतरणकै लागि केही दृश्यलाई भने बढी तन्काइएको छ। फिल्मलाई मसालेदार बनाउनकै लागि २ गीतलाई जबर्जस्ती घुसाइएको छ।

# पहिलो पटक क्यानडा तताउँदै 'नेपथ्य'



**काठमाडौं–** सांगीतिक समूह नेपथ्यले पहिलो पटक क्यानडामा आफ्नो प्रस्तुति दिने भएको छ। आगामी अक्टोबर १ मा क्यालगरीको 'दी प्यालेस थिएटर', अक्टोबर ४ मा भ्यानकुभरको 'दी भोग थिएटर' र अक्टोबर ८ मा टोरन्टोको ' म्यासी हल' मा प्रस्तुत हुनेछ ।

सन् २००२ मा नेपालयले व्यवस्थापन सम्हालेयता नेपथ्यले १६ देशका २८ सहरमा ७८ वटा कार्यक्रम गरिसकेको छ। पछिल्लो समय क्यानडा नेपालीहरूका लागि आप्रवासनको आकर्षक गन्तव्य बन्दै आएको छ। त्यसमा पनि अध्ययनका लागि क्यानडा जाने नेपाली विद्यार्थीको संख्या बर्सेनि बढ्दो छ। 'केही वर्षअघिसम्म यहाँ नेपाली अनुहार मुस्किलले देखिन्थ्यो,' टोरन्टोका दिलीप पौडेल भन्छन्, 'अहिले सार्वजनिक स्थल, कलेज, रेस्टुरेन्ट र बाटाघाटामा पनि नेपाली बोलिरहेका मानिस भेटिनु सामान्य भएको छ।'

नेपाली समुदायले विख्यात 'म्यासी हल' मा नेपाली कार्यक्रम हुनु गौरवको कुरा भएको रविन थपलियाको भनाइ छ। क्यानडामा बसोबास गर्दै आएकी लेखिका मञ्जुश्री थापाले पनि उक्त हलमा नेपथ्यको कार्यक्रम हुन लागेकोमा केही समयअघि सामाजिक सञ्जालमार्फत खुसी व्यक्त गरेकी थिइन्।

ब्यान्डका गायक अमृत गुरुङले क्यानडामा पहिलो पटक कार्यक्रम गर्न लागको भए पनि त्यहाँ बसोबास गर्ने नेपालीको उत्साहले हौसला मिलिरहेको बताउँछन्। 'दसैंको मुखमा स्वदेशको सम्झना र थुप्रै माया बोकेर मञ्चमा उभिनेछौं,' उनले भने, 'कतिपय प्रशंसकले लामो दूरी तय गरेर पनि कन्सर्ट हेर्न आउने जानकारी दिएका छन्।' नेपालबाट क्यानडामा मात्रै कार्यक्रम गर्न नेपाली कलाकार विरलै जाने गरेकामा नेपथ्यले त्यस्तो आँट गरेको नेपालयका किरणकृष्ण श्रेष्ठको भनाइ छ।

तीनवटै कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ र मादलमा शान्ति रायमाझीले साथ दिनेछन्। सांगीतिक टोलीमा ६ संगीतकर्मीसहित प्राविधिज्ञ र व्यवस्थापक गरी १४ जना सहभागी हुने नेपालयले जनाएको छ। स्थानीय समयअनुसार साँझ ७ बजे सुरु हुने कार्यक्रमको टिकट अनलाइनबाट लिन सकिने र विद्यार्थीका लागि विशेष छुटको व्यवस्था गरिएको जनाइएको छ।

# चितवनमा सञ्चालनमा आयो टाटाको नयाँ शोरुम, टियागो इभी र पन्चको बिक्री पनि सुरु



**काठमाडौं–** चितवनको भरतपुरमा टाटा मोटर्सको नयाँ शोरुम सञ्चालनमा आएको छ। टाटाको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ्गको भरतपुरका लागि आधिकारिक वितरक एसएच मोटर्सले शुक्रबारदेखि शोरुम सञ्चालनमा ल्याएको हो।

३ हजार ५०० वर्गफिट क्षेत्रफलमा फैलिएको एसएच मोटर्स भरतपुरको रिजाल चोकमा छ। यहाँ टाटाका सम्पूर्ण रेन्जका कारहरु उपलब्ध हुने कम्पनीले जनाएको छ।

सोही कार्यक्रममा नेपालमा भर्खरै सार्वजनिक गरिएका टाटा पन्च र टियागो इभी नामक दुई नयाँ गाडीहरुको बिक्री भरतपुरमा सुरु भएको छ। कार्यक्रममा सिप्रदीको तर्फबाट पेसेन्जर सेगमेन्ट गाडीका प्रमुख सावन्त जङ्ग सिजापति र एसएच मोटर्सका व्यवस्थापकीय प्रमुख निर्देशक शर्मिला सेढाइको उपस्थिति रहेको थियो।

कार्यक्रममा सिजापतिले भने, 'टाटा मोटर्सका लागि महत्वपूर्ण मानिएको भरतपुर बजारमा यस प्रकारको उच्चस्तरीय शोरुम सञ्चालनले कम्पनीको ग्राहकलाई उच्च सुविधा दिने हाम्रो प्रयत्नलाई सबल बनाएको छ। ग्राहकको सन्तुष्टि हाम्रो उच्च प्राथमिकता हो र सिप्रदी ट्रेडिङ्ग र एसएच मोटर्सको नेतृत्वमा यस शोरुमको सञ्चालनले यस क्षेत्रमा बिक्री, सेवा र ग्राहक सन्तुष्टिको पाटोमा नयाँ आयाम आउने कुरामा हामी विश्वस्त छौँ।'

एसएच मोटर्सका व्यवस्थापकीय प्रमुख निदेश सेढाइले नयाँ शोरुम खोल्न पाउँदा र ग्राहकलाई उच्च स्तरको सेवा स्थनीय स्तरमै दिन पाउँदा आफू खुशी भएको बताए।


समुच्च जिपट्रन प्रविधिले सुसज्जित टियागो इभीमा कार्य कुशलता, प्रविधि, विश्वास, चार्जिङ्ग र आराम अत्यधुनिक टेलिम्याटिक्स, कन्ट्रयास्ट रुफ, पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोल, प्रोजेक्टर अटो हेडल्याम्प जस्ता विशेषताहरु यसमा छन्। यो गाडीको इन्टेरिएर र एक्स्टेरिएर दुवैको बनावट पनि उत्कृष्ट एवं आकर्षक छ।

त्यसैगरी, टाटाको 'न्यु फरेभर' रेञ्ज अन्तर्गतको पन्चमा मनमोहक डिजाइन, विशेष कार्यक्षमता, फराकिलो इन्टेरिएर र पूर्ण सुरक्षा विशेषता रहेका छन्। पन्च हाल भारतीय बजारमा सबैभन्दा बढी बिक्री भइरहेको सब कम्प्याक्ट एसयूभी हो।

# टाटाको एस–इभी सार्वजनिक, मूल्य २६ लाख ९९ हजार

**काठमाडौं–** टाटा गाडीको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले व्यवसायिक प्रयोजनको नयाँ विद्युतीय गाडी सार्वजनिक गरेको छ। सिप्रदीले बिहीबार एक कार्यक्रमबिच टाटा एस-इभी पिकअप भ्यान सार्वजनिक गरेको हो। योसँगै सिप्रदी व्यवसायिक इभीमा समेत प्रवेश गरेको छ। अहिले नेक्सन, टिगोर र टियागोको बिक्री सिप्रदीले गरिरहेको छ।

टाटा मोटर्सको कमर्सियल भेहिकल इन्टरनेशनल बिजनेस एन्ड स्ट्राटेजी प्रमुख अनुराग मेहरोत्रा र सिप्रदीका एक्जुकेटिभ चेयरम्यान सिद्धार्थ राणाले नयाँ इभी सार्वजनिक गरेका हुन।




सार्वजनिक भएको एस-इभीको नेपाली बजारमा २९ लाख ५० हजार रुपैयाँ मूल्य तोकिएको छ। फेस्टिभ अफरमा २६ लाख ९९ हजार रुपैयाँ मूल्य कायम गरिएको कम्पनीले जनाएको छ। कार्यक्रममा अनुरागले टाटा र सिप्रदीबिचको सम्बन्ध ४ दशकदेखिको रहेको बताए।

यस्तै राणाले टाटा मोटर्सको कमर्सियल इभी अन्तर्राष्ट्रिय बजारमा सार्वजनिक हुनेमा नेपाल पहिलो रहेको बताए। उनले अहिले आर्थिक अवस्था कमजोर भए पनि विस्तारै बजार सुधार हुने अपेक्षा पनि व्यक्त गरे।

'हाम्रो देशका वर्किङ युवा जनशक्ति दैनिक रूपमा बाहिर गइरहेको तीतो सत्य छ। जुन नेपाल फर्किने बाटोमा देखिँदैनन्', उनले भने, 'तर विदेश गएका वर्किङ युवा जनशक्तिलाई नेपाल फर्काउन नेपालको आर्थिक अवस्था बलियो बनाउनेतर्फ सरकार र निजी क्षेत्र लाग्नुपर्छ।'

सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले नेपालमा इभीको बजार बढ्दै गएको बताए। नाडा अटो शोले त्यसलाई पुष्टि गरेको श्रेष्ठले बताए।

'हामी इभीको लागि आवश्यक इको सिस्टम तयार पार्न सक्षम भएका छौं। यसलाई अझै राम्रो बनाउने हाम्रो उद्देश्य छ', उनले भने, 'यसरी तयार पारेको इको सिस्टमले हामीलाई सफलताका लागि ह्युज सपोर्ट गरेको छ।'

सिप्रदीले नेक्सन र टिगोर इभीमा सफलता हासिल गरिसकेको छ। त्यस्तै ह्याचब्याक सेग्मेन्टको टियागो पनि नाडा अटो शोमा ५०० युनिटभन्दा धेरै बुकिङ भएका छन्। कम्पनीका सिओओ राजेशप्रसाद गिरीले 'अन द रोड सर्भिस'मा सिप्रदी सधैं तयार रहेको बताए।

**यस्तो छ एस-इभी**

एस-इभीमा ७ इन्चको इन्फोटेनमेन्ट सिस्टम छ। यस्तै नयाँ इन्स्ट्रुमेन्ट क्लस्टर पनि उपलब्ध छ।

गाडीमा टायर प्रेसर मोनिटरिङ सिस्टम र रियर भ्यु क्यामरा छ। यस्तै ब्याट्रीको लागि वाटर प्रुफ आइपी ७६ प्रमाणित स्ट्यान्डर्ड छ।

ब्याट्री फास्ट चार्जिङले फुल चार्ज गर्दा १०५ मिनेट लाग्छ। एक पटकको फुल चार्जमा १५४ किलोमिटर रेन्ज प्रदान गर्छ। यसमा २१.३ किलोवाट आवर (युनिट) क्षमताको लिथियम आयोन आरन फोस्फेट ब्याट्री छ। ब्रेकको समयमा पनि ब्याट्री रिचार्ज हुन्छ।

यस्तै यसमा २७ किलोवाटको मोटर छ। जसले १३० न्युटन मिटर पावर उत्पादन गर्छ।

एस-इभीको अधिकतम गति ६० किलोमिटर प्रतिघण्टा छ।

यसको ह्वील १७ इन्च र ग्राउन्ड क्लियरेन्स १६० एमएमको छ। कम्पनीले ब्याट्रीमा ६ वर्ष वा १ लाख ६० हजार किलोमिटरसम्मको वारेन्टी दिएको छ।

यो गाडी ८० प्रतिशत फाइनान्समा किन्न पाइने कम्पनीले जनाएको छ। यसको लोन अवधि ६ वर्षको रहेको छ।

# टाटाले नेपाली बजारमा उपलब्ध इलेक्ट्रिक ट्याक्सी एक्स्प्रेस टीको उत्पादन दोब्बरले बढाउने

**काठमाडौं।** टाटा मोटर्सले सन् २०२३ मा कम्पनीले बिक्री गरिरहेको इलेक्ट्रिक ट्याक्सी एक्स्प्रेस टीको उत्पादन दोब्बरले बढाउने भएको छ। कार निर्मातासँग हाल त्यस्ता ट्याक्सी फ्लिट अपरेटरहरूबाट ४० हजारभन्दा बढी एक्स्प्रेस टीको अर्डर बुक छ।




टाटा मोटर्सले पछिल्लो समय व्यक्तिगत खरिदकर्ताहरूका लागि इलेक्ट्रिक गाडीहरूको दायरा विस्तार गर्न खोजिरहेको छ। भारतको सबैभन्दा ठूलो इलेक्ट्रिक कार निर्माता विद्युतीय ट्याक्सी बजारमा पनि बलियो बन्दै गएको छ।

टाटा मोटर्सले आफ्नो फ्लिट बिक्री दोब्बर भन्दा बढी हुने प्रक्षेपण गरेको छ। हालको वर्षहरुमा कम्पनीले १५ हजार युनिट विद्युतीय ट्याक्सी बिक्री गरिरहेको छ। यो गाडी नेपाली बजारमा पनि डेढ सयभन्दा धेरै उपलब्ध छ। धेरै ग्राहकहरु पछिल्लो समय यो गाडीको पर्खाइमा रहेका छन्। यो इभी ट्याक्सी टाटाको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ नेपाली बजारमा भित्र्याएको हो।

टाटाले चालु आर्थिक वर्षको लक्ष्यमा रहेको कूल १ लाख युनिट बिक्रीको १२ देखि १५ प्रतिशत हिस्सा एक्स्प्रेस टीको रहेको छ। यो टाटाको ट्याक्सीको लागि भनेर डिजाइन गरिएको सेडान कार हो।

यसको रेन्जहरु एक पटकको फुल चार्जमा ३१५ किलोमिटर र २७७ किलोमिटर रहेको छ। यो रेन्ज टेष्ट गर्ने एआरएआईले प्रमाणित गरेको रेन्ज हो। धेरै जसो यसको नयाँ नेक्सन इभीको लागि उत्पादन बढाउने योजना छ। कार निर्माताले यो वर्ष धेरै इभी उत्पादन बढाउन खोजिरहेको छ।

एक्स्प्रेसको टी को बिक्री प्रति महिना ५०० देखि ६०० युनिटसम्मबाट १ हजारदेखि १२५० युनिटसम्म पुऱ्याउने कम्पनीको लक्ष्य छ। त्यही अनुसार बजारमा माग भइहरेको कम्पनीको दाबी छ।

सिप्रदीले ल्याएको विद्युतीय ट्याक्सीमा २६ किलोवाट क्षमताको ब्याट्री उपलब्ध छ। यसलाई एसी अर्थात घरमा रहेको १५ एम्पायरको चार्जिङ प्लगबाट फुल चार्ज गर्न ९ घन्टाभन्दा धेरै समय लाग्छ।

यसैगरी फाष्ट चार्जिङ पोर्टबाट चार्ज गर्दा ६५ मिनेटमा ८० प्रतिशत ब्याट्री चार्ज गर्न सकिने कम्पनीले जनाएको छ। यसमा ग्राहकले ब्याट्री प्याक र मोटरमा ३ वर्ष अथवा १ लाख २५ हजार किलोमिटर वारेन्टी प्राप्त गर्नेछन्।

यसमा भएको सो ब्याट्रीले एक पटकको फुल चार्जमा ३०० किलोमिटरभन्दा माथिसम्मको रेन्ज प्रदान गर्ने एआरएआईको दाबी छ। एआरएआईले इभीमा भएको ब्याट्रीले फुल चार्जमा दिने रेन्ज प्रमाणित गर्छ। त्यही अनुसार उत्पादक कम्पनीहरुले इभीको रेन्ज दाबी गर्ने गर्छन्।

उक्त इलेक्ट्रिक ट्याक्सीमा ५५ किलोवाट क्षमताको मोटर दिइएको छ। यसले १७० एनएम टर्क उत्पादन गर्छ। यो पाँच सिटर हो। यो गाडी टिगोर इभी जस्तै छ। यसमा २४५० एमएमको ह्वीलवेस र १७२ एमएमको ग्राउण्ड क्लियरेन्स उपलब्ध छ। यो ग्राउन्ड क्लियरेन्स सीटी राइडका लागि राम्रो मानिन्छ।

यो ट्याक्सी मल्टी-ड्राइभ मोड उपलब्ध छ। अरु गाडीमा जस्तै यसमा पनि अगाडि डिस्क ब्रेक र पछाडि ड्रम ब्रेकको सुविधा छ। कम्पनीका अनुसार ड्राइभर इन्फर्मेसन सिस्ट, ड्यूल एयरब्यागसहितको एबीएस, पावर विन्डो राखिएको छ। यो विद्युतीय गाडीको मूल्य ३६ लाख ९९ हजार रुपैयाँ रहेको छ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरिपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस